स्वास्थ्य आपत्काल तथा विपद् व्यवस्थापन

स्मारिका-२०८२

Souvenir: Health Emergency and Disaster Management

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई
स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्र
रामशाह पथ, काठमाडौँ, नेपाल

स्वास्थ्य आपत्काल तथा विपद् व्यवस्थापन

स्मारिका, २०८२

(HEDMU/HEOC Souvenir-2082)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई

स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र

रामशाह पथ, काठमाडौँ, नेपाल

स्वास्थ्य आपतकाल तथा विपद् व्यवस्थापन

स्मारिका, २०८२

प्रमुख संरक्षक

मानिनय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल

संरक्षक

डिल्लीराम शर्मा, सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
डा विकास देवकोटा, सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सम्पादन तथा तयारी समिति

अध्यक्ष: डा प्रकाश बुढाथोकी, प्रमुख, HEDMU/HEOC
सदस्य: निशान राज गौतम, प्रमुख, NEOC
सदस्य: उपेन्द्र ढुंगाना, NHEICC
सदस्य: डा शुभाष न्यौपाने, NPO/WHO
विज्ञ सदस्य: डा रमेश कुमार महर्जन, त्रि.वि. शिक्षण अस्पताल,
विज्ञ सदस्य: डा सुमना बज्राचार्य, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,
विज्ञ सदस्य: डा सुरेश शर्मा, राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल
सदस्य सचिव: गौरी प्रसाद आचार्य, शाखा अधिकृत, HEDMU/HEOC
बन्दना भट्ट, जनस्वास्थ्य प्रशासक, HEDMU/HEOC
डा. गौरव देवकोटा, HEO/WHO
संजीव गौतम, IMO/WHO
महेश भट्टराइ, ना.सु., HEDMU/HEOC

प्रकाशक:

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई
स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र
रामशाह पथ, काठमाडौँ, नेपाल

सम्पादकीय

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन इकाई र स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रद्वारा प्रस्तुत यो स्मारिका केवल दस्तावेज होइन–यो समर्पण, संघर्ष र सफलताको यात्रा हो । हामी सबै पाठकलाई यो स्मारिकामा हार्दिक स्वागत गर्दै तपाईंलाई यस ऐतिहासिक यात्राको साक्षी बन्न आमन्त्रण गर्दछौं । स्वास्थ्य प्रणालीमा भएका सुधारहरू, खासगरी आपत्कालिन व्यवस्थापनको क्षेत्रमा गरिएको प्रयास, प्रत्येक नेपाली नागरिकको सुरक्षासँग जोडिएको छ । महामारीको अँध्यारो समयदेखि लिएर प्राकृतिक विपद्का चुनौतीहरूसम्म, हामीले सँगै लड्यौं, सिक्यौं र अघि बढ्यौं । यो स्मारिका त्यही यात्राको प्रतिबिम्ब हो, जसले हामीलाई जहाँ पुर्‍याएको छ त्यसमा गर्व गर्न पर्याप्त आधार दिन्छ ।

२०७२ को महाभूकम्पको त्रासद क्षणमा सुरु भएको हाम्रो संस्थागत यात्रा आज एक सशक्त प्रणालीमा परिणत भएको छ । कोभिड-१९ को चुनौतीपूर्ण दिनहरूमा रातदिन नभनी खट्ने स्वास्थ्यकर्मीहरूको समर्पण अझै ताजा छ । जाजरकोटको भूकम्प होस् वा डेंगु प्रकोप, हाम्रा समन्वय र प्रतिकार्य प्रणालीहरूले सशक्त भूमिका निर्वाह गरेका छन् । प्रत्येक चुनौतीले हामीलाई निखारेको छ, र आजको स्थिति हाम्रा सामूहिक प्रतिबद्धता र अनुशासनको परिणाम हो । स्मारिकाले ती सबै पलहरूलाई संझनायोग्य बनाएको छ, जहाँ आँसु, हिम्मत र आशा एउटै पृष्ठमा मिसिएका छन् ।

यस स्मारिकाको मूल उद्देश्य विगत दुई वर्षभित्र स्वास्थ्य क्षेत्रद्वारा गरिएको कार्यको अभिलेख राख्नु हो, जुन नीतिगत मार्गदर्शन र ज्ञानको स्रोत बन्ने अपेक्षा गरिएको छ । “आपतकालीन स्वास्थ्य प्रणाली सुदृढीकरण” भन्ने मूल विषयले समेटेका पूर्वतयारी, समन्वय, सूचना प्रवाह, रोग निगरानी लगायतका विषयहरू यथार्थमा आधारित छन् । लेखहरू केवल सूचनामूलक होइनन्, ती अनुभव र भावनाका दस्तावेज हुन्–जहाँ स्वास्थ्यकर्मीको आवाज, एम्बुलेन्स चालकको धैर्यता र समुदायको संयम गुन्जिएको छ । यस स्मारिका नीति निर्माता, अनुसन्धानकर्ता र स्वास्थ्य क्षेत्रमा संलग्न हरेक व्यक्तिका लागि मार्गदर्शनको ज्योति बन्नेछ । यसले ज्ञानको मात्रै नभइ साहस र सहकार्यको पनि कथा सुनाउँछ ।

स्मारिकाले टोल फ्री नम्बर ‘१०२’ एम्बुलेन्स सेवा, जी.पी.एस्. ट्र्याकिङ, अस्पताल-पूर्व र अस्पताल-पश्चातका सेवा संरचना, तथा हब-स्याटेलाइट नेटवर्कहरूको विस्तृत प्रस्तुति दिएको छ । यिनै अभ्यासहरू हाम्रो सेवामा गुणस्तर र प्रभावकारिता ल्याउने आधारशिला बनेका छन् । प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरू र सोको संजालको निर्माणले संघीय प्रणालीमा समन्वयलाई जीवन्त बनाएको छ । अन्तर्राष्ट्रिय अभ्यासहरूसँग तुलना गर्दा नेपालका केही अभ्यासहरू उदाहरणीय मानिएका छन्–त्यसमा नीतिगत सुधार र व्यवस्थापनको स्पष्ट दिशा पाइन्छ । स्मारिकाको प्रत्येक अनुभागले एउटा आवाज बोलिरहेको छ–“हामी सक्षम छौं, किनभने हामी सँगै छौं ।”

यस स्मारिका निर्माणको शुरुवातदेखि प्रकाशनको अन्तिमसम्म अहोरात्र खटिनुभएका डा गौरव देवकोटा, संजिव गौतम, र महेश भट्टराईलाई हामी मनैदेखि धन्यवाद दिन चाहन्छौं | स्मारिका निर्माणमा योगदान पुर्‍याउने स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन इकाईका बन्दना भट्ट र गौरी प्रसाद आचार्यज्यूका साथै स्वास्थ्यकर्मी, लेखक, सम्पादक, समन्वयकर्ता, तथा साझेदार संस्थाहरू प्रति हामी गहिरो कृतज्ञता प्रकट गर्दछौं । विपद्का बेलामा अग्रपंक्तिमा खटिने अनुहारहरूको योगदान अमूल्य छ–तिनीहरूको आत्मबल नै हाम्रो सफलताको मेरुदण्ड हो । यो स्मारिका पढेर भविष्यप्रति अझ सचेत, संगठित र जिम्मेवार बन्न प्रेरित हुनेछौं भन्ने आशा हामीले लिएका छौं | चुनौती अझै आउँदै छन्–तर सबैको सहकार्य, सद्भाव र समर्पणले हामीलाई हरेक संकटबाट अघि बढ्न मद्दत गर्नेनैछ । अन्ततः यो स्मारिका पढ्ने प्रत्येक पाठकलाई हामी आग्रह गर्छौं–यसलाई व्यवहारमा उतारौं, किनभने सशक्त, एकीकृत, र सहृदय प्रतिकार नै जनताको जीवन रक्षा गर्ने शक्तिशाली औजार हो ।

धन्यवाद !!!

हेल्लो स्वास्थ्य

१११५

गुनासो पठाउनुहोस्, हामी समाधान खोज्ने छौं ।

+९७७ ९८५१३३०५९२

hellohealth@mohp.gov.np

@MOHPNEP

घुम्पान तथा सुर्तीजन्य पदार्थको लत त्याग्न परामर्श सेवाको लागी

हेल्प लाईन ११३२

माननीय स्वास्थ तथा जनसंख्या मन्त्री प्रदिप पौडेल ज्यूबाट

शुभारम्भ

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नियमित सञ्चार संवाद तथा अन्तरक्रिया

हेल्लो स्वास्थ्य 1115 @MOHPNEP mediabriefmohp@gmail.com

हरेक शुक्रबार दिउँसो १:३० बजे

प्रदीप पौडेल
Pradip Paudel

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री
Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

फोन: ०१-५-३६२५३४
01-5-362534
Website:www.mohp.gov.np
रामशाहपथ, काठमाडौं, नेपाल
Ramshahpath, Kathmandu, Nepal

पत्र संख्या (Ref. No.): चलानी नं. (Dispatch No.): मिति (Date): २०८२ असार १३

शुभकामना

नेपाल भौगोलिक रुपमा जलवायुजन्य प्रभावका कारणले हुने सम्भावित जोखिमयुक्त तथा अति संवेदनशील तथा राष्ट्र हो। प्राकृतिक तथा भूकम्प, बाढी, पहिरो, डुबान, महामारी, आगलागीजस्ता विविध प्रकृतिका विपद्हरूका कारण ठुलो क्षति व्यहोर्नुपरेको छ। यस्ता आपतकालीन परिस्थितिहरूले हाम्रो सार्वजनिक स्वास्थ्य प्रणालीलाई अपार चुनौती खडा गर्नुका साथै नागरिकहरूको जीवन, स्वास्थ्य र समग्र सामाजिक संरचनामा गहिरो प्रभाव पार्ने गरेका छन्।

यी सबै चुनौतीहरूको सन्दर्भमा जनस्वास्थ्य सुरक्षालाई सर्वोच्च प्राथमिकता दिँदै मन्त्रालयले विगत वर्षहरूमा आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनामा महत्वपूर्ण कदम चालेको छ।यसै सन्दर्भमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (HEOC) ले विपद् व्यवस्थापन सम्बन्धी स्वास्थ्य क्षेत्रको अनुभव, सिकाइ, चुनौती र अवसरहरूलाई समेटेर तयार पारेको स्मारिका एक ऐतिहासिक दस्तावेज बन्ने विश्वास लिएको छु। यस स्मारिकाले विगतका घटनाबाट प्राप्त अनुभवहरूको आधारमा स्वास्थ्य प्रणालीलाई अझ सुदृढ, प्रत्युत्तरमुखी र दिगो बनाउने दिशामा नीति निर्माणदेखि व्यवहारिक कार्यान्वयनसम्म मार्गनिर्देशन प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु।

विपद्का बेला स्वास्थ्य सेवा प्रवाहलाई सुनिश्चित गर्नु, जोखिम संचारलाई प्रभावकारी बनाउनु, संवेदनशील समुदायहरूलाई केन्द्रमा राखेर सेवा प्रवाह गर्नु तथा समन्वयात्मक ढाँचामा सबै सरोकारवाला निकायहरूसँग सहकार्य गर्नु आजको आवश्यकता हो। यस कार्यमा निरन्तर खटिएर आम नागरिकको सेवामा लाग्नु भएका (HEOC) साथै मन्त्रालयका सम्पूर्ण राष्ट्र सेवकहरुमा आभार व्यक्त गर्दछु।

अन्त्यमा, म स्वास्थ्य प्रणालीका सबै तहमा संलग्न व्यक्तित्वहरूलाई स्मारिकाबाट प्राप्त सन्देश र मार्गनिर्देशनलाई व्यवहारमा उतार्न अनुरोध गर्दै स्मारिका प्रकाशनका लागि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ असार

प्रदीप पौडेल
मन्त्री

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.....शाखा)

फोन नं. ४२६२५५०
४२६२८०२
४२६२७०६
४२६२५३५
४२६२८६२
४२२२३८०

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति : २०८२ असार १५

विषय :-

शुभकामना

नेपाल प्राकृतिक तथा मानवजन्य विपद्हरुको उच्च जोखिममा रहेको मुलुक हो । जलवायु परिवर्तनका प्रभाव, भौगोलिक जटिलता तथा शहरीकरणको तीव्र प्रवृत्तिले विपद् जोखिमलाई अझ बढाएको छ। यस्ता आपतकालीन अवस्थाहरुमा जनस्वास्थ्यमा गम्भीर असर पर्ने भएकाले समयमै तयारी, प्रतिकार्य र पुनःस्थापनामा सबै तहका सरकारी तथा निजी निकायबीच सहकार्य अत्यावश्यक छ ।

नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ र त्यसअनुसार बनेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यढाँचा (DRRM Framework 2081-2030) ले विपद् व्यवस्थापनको संस्थागत संरचना स्पष्ट पार्दै आएको छ। यस संरचनामा केन्द्र, प्रदेश र स्थानीय तहमा स्थापित आपतकालीन कार्यसञ्चालन केन्द्रहरु (EOCs), विशेषगरी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रहरु (NEOC) र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरण (NDRRMA) को भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको जनस्वास्थ्य आपतकाल तथा विपद् व्यवस्थापन इकाइ (HEDMV/HEOC) ले यी सबै संस्थाहरुसँग समन्वय गर्दै, एक स्वास्थ्य दृष्टिकोण, समग्र जोखिम व्यवस्थापन र जनस्वस्थ्य आपतकालमा कार्य गर्दै आइरहेको छ। यस स्मारिकाको प्रकाशनले विगतका अनुभव र सिकाइहरुलाई समेटी आगामी रणनीतिहरुलाई मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिएको छु। यस स्मारिका 'जनस्वास्थ्य आपतकाल तथा विपद् व्यवस्थापन' स्वास्थ्य क्षेत्रमा नीति निर्माता, कार्यान्वयनकर्ता, अनुसन्धानकर्ता र सरोकारवाला सबैका लागि उपयोगी दस्तावेज हुनेमा म विश्वस्त छु। यस प्रयासमा संलग्न सम्पूर्ण टिमलाई बधाई ज्ञापन गर्दै, आगामी दिनमा थप समन्वित, पूर्वतयारीयुक्त र प्रभावकारीयुक्त स्वास्थ्य आपतकालीन प्रणाली निर्माणका लागि सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद।

डिल्ली राम शर्मा
सचिव

डिल्लीराम शर्मा
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.....शाखा)

फोन नं. ४२६२५४०
४२६२८०२
४२६२७०६
४२६२५३५
४२६२८६२
४२३३५८०

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति : २०८२ असार २२

विषय :- **शुभकामना**

प्राकृतिक तथा मानव सृर्जित विपद्को दृष्टिले उच्च जोखिम भएको हाम्रो देशले विगत देखीनै विभिन्न प्रकारका स्वास्थ्य आपतकाल, प्राकृतिक विपद्, महामारी, तथा आकस्मिक अवस्थाहरूको सामना गर्दै आएको छ। यी घटनाहरूले नेपालको स्वास्थ्य प्रणालीको उत्थानशिलता (resilience), प्रतिक्रियाशीलता (responsiveness) र संस्थागत क्षमता (Institutional Capacity) को निरन्तर परीक्षण गरेका छन्। यस्ता चुनौतीहरूको सामना गर्ने क्रममा समग्र स्वास्थ्य क्षेत्रले गरेका जनस्वास्थ्य आपतकालीन पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ र त्यसलाई पार गर्न नीति, संरचना र कार्यसम्पादनका स्तरहरूमा गरिएका प्रयासहरूको अनुभव, सिकाई, प्रणालीगत अभ्यास र चुनौतीहरूलाई संस्थागत गर्न अत्यन्तै आवश्यक रहेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विगत एक दशकयता स्वास्थ्य आपतकाल तथा विपद् व्यवस्थापनको क्षेत्रमा भए गरेका प्रयास, अनुभव, चुनौती र समाधानहरू समेटी प्रकाशन गरेको यस **"विपद् स्मारिका"** संस्थागत स्मृतीको महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु । यस स्मारिकामा समावेश गरिएका लेख, अनुभवका उदाहरणहरू, नीतिगत तथा कार्यक्रमगत हस्तक्षेपहरू, बहुक्षेत्रीय समन्वयका अभ्यासहरू स्थानीयदेखि केन्द्रसम्मका संयन्त्रहरूलाई समेटेर प्रस्तुत गरिएको छ। यस स्मारिकाले सम्बद्ध सरोकारवाला सबैलाई स्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्यमा सक्रिय साझेदारीको सन्देश दिनेछ। यी सबै पहलहरू आपतकालीन अवस्थामा जीवन रक्षा, स्वास्थ्य प्रणालीको दृढता र समुदायस्तरसम्म सेवा प्रवाहमा महत्वपूर्ण प्रभाव पार्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रतिबद्धता, नेतृत्व र बहुक्षेत्रीय समन्वयको सजीव प्रतिबिम्बको रुपमा रहनेछन्।

प्रस्तुत स्मारिका केवल विगतका प्रयासहरूको दस्तावेजीकरण मात्र नभई भविष्यका चुनौतीहरूलाई अझ प्रभावकारी ढंगले व्यवस्थापन गर्न नीति निर्माता, योजनाकार, निर्णयकर्ता, अनुसन्धानकर्ता, स्वास्थ्य सेवा प्रदायक, सुरक्षा निकाय, अन्तर्राष्ट्रिय साझेदार र समुदायका अगुवाहरूका लागि एक उपयोगी मार्गदर्शन हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्ततः यस यथार्थपरक, प्रेरणादायी र उपयोगी स्मारिकाको निर्माणमा योगदान गर्ने सम्पूर्ण संस्थाहरू, लेखक, विशेषज्ञ र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सबै समर्पित कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। स्वास्थ्य आपतकालीन जोखिम व्यवस्थापनमा निरन्तर सुधार, सुदृढ प्रणाली र बहुक्षेत्रीय साझेदारीको यात्रालाई अझ द्रुत र समृद्ध बनाउन आगामी दिनहरूमा यस दस्तावेजको निरन्तर र नियमित अद्यावधिक हुँदै जाने समेत विश्वास लिएको छु।

.....

डा. विकास देवकोटा
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.....शाखा)

फोन नं. ४२६२५४०
४२६२८०२
४२६२७०६
४२६२५३५
४२६२६६२
४२२३५८०

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति : २०८२ असार २३

विषय :- **कृतज्ञता**

नेपालमा वर्षेनी बाढी, पहिरो, भूकम्प, महामारी, र सडक दुर्घटनाजस्ता बहु-विपद्का घटनाहरू दोहोरिरहन्छन्। यस्ता स्वास्थ्य आपत्कालीन अवस्थाहरूको प्रभावकारी व्यवस्थापनका लागि २०७२ सालमा स्वास्थ्य मन्त्रालयले विश्व स्वास्थ्य संगठनको सहयोगमा स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (HEOC) स्थापना गर्यो र २०७५ सालदेखि स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाईसँगै पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरू गरिरहेको छ । केन्द्रले २०७२ को विनाशकारी भूकम्पदेखि कोभिड-१९ महामारी हुँदै जाजरकोट भूकम्प र पूर्वी नेपालको बाढी– पहिरोसम्ममा विभिन्न निकायहरूसँग समन्वय गरेर सूचना प्रवाह, उद्धार, क्वारेन्टिन व्यवस्थापन र स्वास्थ्य सामग्री आपूर्ति सुनिश्चित गर्दै आएको छ। यसले स्वास्थ्य क्षेत्रका साझेदारहरूबीचको समन्वयलाई समेत सुदृढ गर्दै राष्ट्रिय स्तरमा केन्द्रीय संयोजनकर्ता भूमिका खेलेको छ।

विपद्का बेला मृत्युदर घटाउन गृह मन्त्रालयअन्तर्गतका सुरक्षा निकायहरूको खोज, उद्धार र व्यवस्थापनजस्तै स्वास्थ्य संस्थाहरूको उपचार व्यवस्थापन पनि अत्यावश्यक हुन्छ। यस समन्वयमा जिल्लाका स्वास्थ्य कार्यालय, प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, र अन्य सरोकारवालाहरूको सहकार्यले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। संघीय संरचनाअनुसार सातै प्रदेशमा प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना भइसकेका छन्, जसले स्थानीय तहसम्म तयारी र प्रतिकार्यलाई सशक्त बनाएका छन्। आपत्कालीन अवस्थामा मात्र नभएर स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाईले विपद्पूर्व तयारी, मूल्याङ्कन, आपत्कालीन स्वास्थ्य सामग्री सञ्चिति, आपत्कालीन चिकित्सकीय समूह (EMT) को गठन, तालिम तथा कृत्रिम अभ्यासहरूको समन्वय जस्ता कियाकलापहरू सञ्चालन गरी स्वास्थ्य प्रणालीको उत्थानशीलता अभिवृद्धिमा उल्लेखनीय योगदान पनि पुऱ्याएको छ।

स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई/ स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना देखिका सूचनाहरू; स्वास्थ्य आपतकालीन तथा विपद् व्यावास्थ्यन इकाईको आ.व. २०८०/८१-२०८१/८२ का कार्यहरुको अभिलेख; तथा स्वास्थ्य क्षेत्रका सरोकारवाला निकायहरू जस्तै विश्व स्वास्थ्य संगठन (WHO), स्वास्थ्य संस्थाहरू, स्वास्थ्यकर्मी र साझेदार संस्थाहरुको प्रतिकार्य, अनुभव, भोगाइ तथा सिकाईहरूको संग्रहको रूपमा यस "स्मारिका" को प्रकाशन गर्न पाउँदा म अत्यन्तै हर्षित छु । यस "स्मारिका"लाई मूर्त रूप दिन अहोरात्र खटिनुहुने स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाईका सबै सहकर्मी साथीहरूलाई म धेरै धन्यवाद दिन चाहन्छु । मेरा पूर्ववर्ती साथीहरूको प्रयासमा स्थापना र विस्तार भएको यस इकाई/केन्द्रको कार्यगत विस्तार गरी यस इकाई/केन्द्रका कार्यहरू तथा स्वास्थ्य क्षेत्रका विभिन्न निकायहरूको जनस्वास्थ्य आपत्काल तथा विपद् व्यवस्थापन कार्यहरूलाई यस "स्मारिका" को माध्यमबाट विश्वसामु चिनाउन पाएकोमा म निकै नै गौरवान्वित छु ।

सादर धन्यवाद

डा. प्रकाश बुढाथोकी
प्रमख
स्वास्थ्य आपतकालिन तथा विपद् व्यवस्थापन इकाई/स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र

World Health Organization
Nepal

UN House, Pulchowk, Lalitpur, Po Box: 108, Kathmandu, Nepal, Tel: +977-1-4290000, 4290444 Fax: +977-1-5427756 E-mail: senepwr@who.int

In reply please refer to: WRN-A3/ 27/ 1

22, June 2025

Message from the WHO Representative to Nepal

On behalf of the World Health Organization (WHO Nepal), I extend my sincere congratulations to the Health Emergency Operation Center (HEOC), Health Emergency and Disaster Management Unit (HEDMU) under the of the Ministry of Health and Population (MoHP) on the publication of "Souvenir". This comprehensive document highlights key preparedness and response activities carried out by the HEOC from July 2023–June 2025. It serves not only as a valuable record of achievements but also a learning tool and a source of reflection for future improvements.

Since its establishment in 2014 with support from WHO, the HEOC has played a crucial role in coordinating health responses to various disasters and public health emergencies in Nepal. It has consistently demonstrated its leadership, especially during the COVID-19 pandemic and other major crises by providing timely information, aligning efforts among humanitarian health partners, and has earned the trust of key stakeholders.

Its contributions to strengthening legal frameworks, policies and systems for effective public health emergency management are equally commendable. Over the years, the HEDMU/HEOC has made significant progress in enhancing Nepal's health emergency preparedness and response capacities. These include improved coordination and information management across the HEOC network, strengthened collaboration among the hub and satellite hospitals network, formation of Emergency Medical Teams (EMTs), assessments of pre-hospital care, hospital safety assessments and preparedness, post-hospital and rehabilitative care, strengthening of the Emergency Care System (ECS) and ambulance services. These accomplishments set an example for other WHO Member States working to improve emergency health systems.

WHO has been a committed partner in this journey, providing technical, financial and human resources, in alignment with the recommendations of the International Health Regulations Joint External Evaluation priority actions completed in 2022. Through this close collaboration, we have witnessed substantial progress in preparedness planning, simulation exercises, and the integration of health emergency risk management into national policies and programs. WHO is proud to have supported the development of critical infrastructure, human resources, and coordination mechanisms that underpin the effective functioning of HEDMU/HEOC and its network throughout the country.

This publication is more than a summary of achievements, it is a testament to Nepal's growing ability to anticipate, prepare for, and respond to public health emergencies. I commend the dedication and tireless efforts of the HEDMU/HEOC team, health workers, emergency responders, and government officials who continue to serve at the frontlines of disaster and emergency risk management.

WHO Nepal remains committed to supporting the Government of Nepal in strengthening all technical areas of the International Health Regulations, including strengthening of the Health Emergency Management and related systems, for better preparedness, readiness, and response to future public health emergencies.

Dr Rajesh Sambhajirao Pandav
WHO Representative to Nepal

Message from SEARO

It is with great respect and appreciation that I congratulate the Health Emergency and Disaster Management Unit (HEDMU) under the Health Emergency Operation Center (HEOC) of the Ministry of Health and Population (MoHP), Government of Nepal, on this publication entitle "Souvenir". This compilation of achievements from July 2023 to June 2025 reflects Nepal's firm commitment to strengthening disaster and health emergency preparedness and response at all levels.

Across the South-East Asia Region, countries are increasingly challenged by emerging infectious diseases, natural disasters, the impacts of climate change, and humanitarian crises. In this context, Nepal's proactive steps—ranging from enhanced multi-hazard preparedness planning and simulation exercises to health emergency operations coordination and information communication and management—serve as an inspiring example of leadership and resilience. HEDMU/HEOC has demonstrated exemplary performance in preparedness and response readiness, particularly areas of PHEOCs and EOCs coordination, pre-hospital and emergency care services, hub and satellite hospital networking and coordination, surge capacity deployment, and emergency logistic management, working in close coordination with all levels of WHO and through the effective use of regional emergency funds.

I would like to commend HEDMU/HEOC for its strong coordination and support for organizing different regional programmes led by the WHO South East Asia Regional Office (SEARO) in Nepal, as well as for its active participation in regional and global preparedness and response readiness activities on behalf of SEARO Member States. In recognition of its dedication and leadership, particularly as Nepal's national focal point for the Emergency Medical Teams (EMTs) HEDMU/HEOC was selected as co-chair of the SEARO EMT Strategic Advisory Group.

We recognize the progress made by HEDMU/HEOC under Nepal's multisectoral approach to health security, which aligns with the South-East Asia Regional Roadmap for Health Emergency Preparedness (2020–2025) and the Asia Pacific Strategy for Emerging Diseases and Public Health Emergencies (APSED III). Its work, particularly in coordination with provincial and district-level structures, highlight the importance of decentralized, community-centered, and adaptive health emergency systems.

WHO SEARO remains a committed partner to the Government of Nepal in building capacities under the International Health Regulations (2005), fostering cross-border and cross-sectoral collaboration, and ensuring that preparedness translates into timely and effective responses in times of crisis.

On behalf of the World Health Organization's South-East Asia Regional Office, I commend the dedication, professionalism, and resilience of everyone involved in Nepal's health emergency and disaster management efforts. May this publication inspire continued progress toward a safer, healthier, and more resilient future for all.

Regional Emergency Director
World Health Organization Regional Office for South East Asia

विषयसूची

१.१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - एक परिचय

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो । संविधानबमोजिम राज्यका संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यहरूको एकल तथा साझा अधिकार सूची, नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप कार्य गर्दै आएको छ । प्रथम पञ्चवर्षिय योजना (सन् १९५६-१९६२) बाट नेपाल केन्द्रिकृत योजना चरणमा प्रवेश गरेसँगै सन् १९५६ मा नेपालका राष्ट्रिय स्तरको औलो उन्मुलन कार्यक्रम सुरू भएको थियो । त्यसपछि सन् १९६२ मा ठेउला उन्मुलन कार्यक्रर र सन् १९६५ मा क्षयरोग कार्यक्रम, मातृ शिशु तथा परिवार नियोजन कार्यक्रम, र कुष्ठरोग नियन्त्रण कार्यक्रम जस्ता राष्ट्रिय स्तरका कार्यक्रमहरू सञ्चालन भएका थिए । यसरी छुट्टा छुट्टै चलिरहेका कार्यक्रमहरूलाई एकिकृत गर्ने काम सन् १९९३ मा सम्पन्न भएको थियो ।

संस्थागत रूपमा वि.स. १९९० मा औपचारिक रुपमा स्वास्थ्य सेवा विभागको स्थापना भई स्वास्थ्य क्षेत्रमा नयाँ विषयहरुको प्रवेशलाई एकीकृत गरी संचालनका लागि वि.सं. २०११ सालमा स्वास्थ्य मन्त्रालयको स्थापना भए पश्चात विभिन्न संरचनागत सुधार गर्दै देशभरी स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिइरहेको छ । नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा अङ्गिकार गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको प्रत्याभूति गरेको छ । स्वास्थ्य सेवामा सबैको समान पहुँचको व्यवस्था गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरेको छ । साथै नागरीकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समान पँहुच बढाउँदै सवैको स्वस्थ जीवन प्रत्याभुत गरी दिगो बिकास सुनिश्चित गर्नु पर्ने दायित्व रहेको छ । यसैगरी तीनै तहले सम्पादन गर्ने कार्यहरुको सूची, नेपाल सरकारका सान्दर्भिक बिद्यमान नीतिहरु, नेपालले विभिन्न समयमा गरेको अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न विभिन्न ऐन तथा नीतिगत व्यवस्था र सो अनुरूप कार्यक्रमहरुलाई सञ्चालन गर्दै आएको छ ।

अनुसूचि २१.१
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको संगठन



१.२. स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई एक परिचय

नेपाल विभिन्न प्रकारका प्राकृतिक विपद्हरूको उच्च जोखिममा रहेको मुलुक हो । भूकम्प र विपद् जोखिम सम्बन्धी अध्ययन अनुसार, नेपाल भूकम्प जोखिमको दृष्टिले विश्वमै ११औँ र बाढी जोखिमको हिसाबले ३०औँ स्थानमा पर्छ । भौगोलिक र मौसमसम्बन्धी जोखिमहरूको उच्च सम्भाव्यता र पहिलेदेखि रहेको सामाजिक-आर्थिक कमजोरीका कारण नेपाल प्राकृतिक विपद्हरूको दृष्टिले अति संवेदनशील राष्ट्र मानिन्छ । प्राकृतिक विपद्, रोग प्रकोपहरू तथा अन्य आकस्मिक सार्वजनिक स्वास्थ्य जोखिमहरू प्रायः पूर्वानुमान गर्न कठिन हुन्छन्, तर प्रभावकारी तयारी, तत्परता र समयमै गरिएको प्रतिकार्यबाट तिनीहरूको नकारात्मक प्रभावलाई उल्लेखनीय रूपमा न्यूनीकरण गर्न सकिन्छ । नेपालको संविधानको धारा ३५ अनुसार, प्रत्येक नागरिकले राज्यबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार राख्दछ, र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ ले आपत्कालिन स्वास्थ्य सेवा तथा यसको व्यवस्थापन सम्बन्धी आवश्यक प्रावधानहरू गरेको छ ।

नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय आपत्कालिन कार्यसञ्चालन केन्द्र (NEOC) को स्थापना वि.सं. २०६७ पौष १७ (सन् २०१०) मा विपद् पूर्वतयारी, प्रतिकार्य तथा समन्वयका लागि केन्द्रीय संयन्त्रका रूपमा गरिएको थियो । सोही अवधारणालाई विस्तार गर्दै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MoHP) ले स्वास्थ्य क्षेत्रमा विपद् तथा आपत्कालिन अवस्थाहरूको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने आवश्यकता पहिचान गरी वि.सं. २०७१ चैत्र (सन् २०१४) मा स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (HEOC) स्थापना गरेको हो ।यसका साथै, International Health Regulations (IHR 2005) अन्तर्गत प्रत्येक राष्ट्रलाई सार्वजनिक स्वास्थ्य आपतकालको व्यवस्थापन र समन्वयका लागि आधारभूत संरचना र क्षमताहरू विकास गर्नुपर्ने दायित्व छ । सोही सन्दर्भमा, जनस्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Public Health Emergency Operation Center) को अवधारणा विकसित गरिएको हो, जसले महामारी, प्राकृतिक विपद् वा अन्य जनस्वास्थ्य संकटका अवस्थामा योजनाबद्ध समन्वय, शिघ्र निर्णय र स्रोत परिचालन सुनिश्चित गर्छ । नेपालमा HEOC को स्थापना र यसको निरन्तर सुदृढीकरणले IHR 2005 का अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न मद्दत गर्ने मात्र नभई, स्वास्थ्य प्रणालीको दिगोपन र आपत्कालिन प्रतिकार्य क्षमतामा अभिवृद्धि पनि गरेको छ । यस केन्द्रको कार्यक्षमता र दायित्वलाई थप प्रभावकारी बनाउन, वि.सं. २०७५ (सन् २०१८) मा सो HEOC लाई स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई (HEDMU) अन्तर्गत समावेश गरी मन्त्रालयको सचिवको प्रत्यक्ष मातहतमा रहने गरी संस्थागत सुदृढीकरण गरिएको छ । HEOC ले स्वास्थ्य क्षेत्रको बहु-विपद् पूर्वतयारी र प्रतिकार्य संयन्त्रहरू तथा स्थानीय, प्रदेश र संघीय तहका वर्तमान र उदाउँदै गरेका अन्य क्षेत्रका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी संयन्त्रहरू बीच समन्वय तथा सहकार्यको सेतुको रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । साथै, HEOC ले आपत्कालिन अवस्थामा कार्यसञ्चालनको प्रमुख जिम्मेवारी निर्वाह गर्दै, नीति तथा रणनीतिहरूको कार्यान्वयनमा सहयोग पुर्‍याउने, योजना निर्माण, उपकरण, तथ्याङ्क प्रणाली लगायतको तयारी तथा अद्यावधिक गर्ने कार्य गर्दछ ।

स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (HEOC) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MoHP) अन्तर्गतको घटना आदेश प्रणाली (Incident Command System-ICS) को सचिवालयको रूपमा क्रियाशील छ । HEOC को २०७२ को विनाशकारी भूकम्प, कोभिड-१९ महामारी जस्ता आपत्कालिन अवस्थाहरूमा देखिएको सक्रियता, समन्वय, क्षमता र प्रभावकारी भूमिका मार्फत यसको महत्त्व स्पष्ट रुपमा स्थापित भएको छ । यस सम्बन्धि सम्पूर्ण कार्यको योजना, समन्वय तथा व्यवस्थापन गर्न प्रमुख समेत ३ जना कर्मचारीको व्यवस्था छ भने हाल प्रमुख समेत १० जना र विश्व स्वास्थ्य संगठनद्वारा हाल ४ जना कर्मचारीको प्राविधिक सहयोगमा केन्द्र संचालनमा रहेको छ ।

स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रले आफ्नो स्थापनाको एक महिना भित्रमा (वि.सं. २०७२ साल बैशाख)

आफ्नो संचालन कार्यविधि निर्माण गरेको थियो । यसै कार्यविधिमा तोकिएका घट्ना आदेश प्रणाली तथा अस्पताल संजालको २०७२ भूकम्पको प्रतिकार्यमा ठूलो योगदान थियो । २०७२ को भूकम्प प्रतिकार्यका बेला गृह मन्त्रालय लगायत अन्य मन्त्रालय, स्वास्थ्य साझेदार तथा मानवीय सहायता निकायहरु र अन्तराष्ट्रिय चिकित्सकीय टोलीहरुसंग समन्वय गर्न स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रको भूमिका अहम रहेको थियो ।

भूकम्पको प्रतिकार्यमा सिकेका पाठहरुलाई अवलम्बन गर्दै तथा विश्वमा भएका र हुदैँ गरेका प्रगतिहरुलाई समेट्दै स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रले आफ्नो कार्यविधिलाई समयानुकूल परिमार्जन गर्दै आएको छ । २०७५ सालमा संघीय संरचना अन्तर्गत स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई (HEDMU) को व्यवस्था भएपश्चात स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रले यहीं इकाईअन्तर्गत रही ठूला-साना जनस्वास्थ्य आपत्काल तथा विपद्हरूको प्रतिकार्य गर्दै आइरहेको छ ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ र नियमावली, २०७७ मा व्यवस्था भए अनुरुप तथा भूकम्पका अनुभवहरुलाई आत्मसात गर्दै इकाईले कोभिड-१९ महामारीमा प्रत्येक हब अस्पतालमा आवश्यक आपत्कालिन चिकित्सकीय समुहहरु गठन गर्नका लागि आवश्यक समन्वय एवं सहजीकरण गरेको थियो । विपद् पछिको ठुलो संख्यामा हुने घाइतेहरुलाई चाहिने उपचारका साथै महामारीका बेला पनि धेरै संख्यामा विरामी हुने हुनाले अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विकासमा पनि इकाईले आफ्ना पूर्वतयारीका कार्यहरु गर्दै आएको छ | साथै, इकाईले अस्पताल-पूर्वका सेवाहरुलाई पनि व्यवस्थापन गर्दै समुदाय, एम्बुलेन्स र आकस्मिक मेडिकल टिममा पनि आफ्ना कार्यहरु गरिरहेको छ र सो व्यवस्थापनका लागि आवश्यक कानुनी दस्तावेजहरु तयार गरेको छ वा समयानुकुल परिमार्जन गरिरहेको छ ।

हाल इकाईले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन केन्द्र, राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्द्र, सुरक्षा निकायहरू, हब तथा स्याटेलाइटअस्पताल संजाल र प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरू सँग प्रत्यक्ष तथा प्रदेश आपत्कालिन कार्यसंचालन केन्द्रहरु, जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्रहरु, जिल्ला स्वास्थ्य कार्यालयहरू,स्थानीय आपत्कालिन कार्यसंचालन केन्द्रसंग प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रमार्फत समन्वय गर्दै आईरहेको छ । इकाईले नेपालका लागि आपत्कालिन चिकित्सकीय समूहको फोकल पोइन्टका रुपमा कार्य गर्दै आपत्कालिन चिकित्सकीय समूह परिचालन कार्यविधि, २०८१ निर्माण गरी संघीय र प्रादेशिक स्तरमा परिक्षण पनि गरिसकेको छ ।

जनस्वास्थ्य आपत्कालमा प्रतिकार्यमा खट्ने संस्था तथा संरचनाहरुको काम, कर्तव्यलाई लिपिबद्ध गर्न र विपद्का बेला स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरुको सूचना संचार, सम्प्रेषण, तथा प्रतिकार्यमा एकरुपता ल्याउन क्रमशः जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका,२०८२ र स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र संचालन कार्यविधि, २०८२ पनि स्वीकृति गरिएको छ । एम्बुलेन्स व्यवस्थापन सम्बन्धी निर्देशिका २०८२ स्वीकृतिको अवस्थामा रहेको छ भने स्वास्थ्य तथा गैर-स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरु बिचमा जनस्वास्थ्य आपत्काल तथा विपद्को बेला छिटो छरितो सूचना आदानप्रदानका लागि सूचना व्यवस्थापन ढाँचा पनि निर्माण गरिएको छ ।

हालसम्म स्वीकृत दस्तावेजहरु

क्र.सं.	दस्तावेजहरू	स्वीकृत मिति
१	राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८	
२	आपत्कालिन चिकित्सकीय समूह परिचालन कार्यविधि, २०८१	२०८१/०६/०८
३	जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका,२०८२	२०८२/०३/१३
४	स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र संचालन कार्यविधि, २०८२	२०८२/०३/१३

इकाई र केन्द्रले आफ्ना प्रतिकार्यहरुको सिकाई र राष्ट्रिय-अन्तराष्ट्रिय अभ्यासहरुलाई आत्मसात गर्दै आफूलाई थप परिष्कृत बनाउदैं छ र आवश्यकता अनुरुपनै आफ्ना दस्तावेजहरुमा परिमार्जन गर्ने नै छ ।



आपत्कालीन स्वास्थ्य सेवा

स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई तथा स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरूले समुदायमा दिइने सेवा, अस्पताल-पूर्व सेवा, अस्पतालमा प्रदान गरिने सेवा र अस्पताल-पश्चातको सेवा प्रदान गर्दछन् । अस्पताल-पूर्व सेवाअन्तर्गत विरामी वा घाइतेलाई घटनास्थल देखि अस्पताल पुर्याउँदासम्म गरिने आकस्मिक उपचार र चिकित्सकीय सेवा पर्दछन् भने अस्पताल-पश्चात सेवाअन्तर्गत बिरामीलाई अस्पतालबाट डिस्चार्ज गरिसकेपछि समय-समयमा पुन: स्वास्थ्य परिक्षण तथा सेवाका लागि प्रदान गरिने स्वास्थ्य सेवा पर्दछन् । समुदाय सेवा अन्तर्गत समुदायमा भएका मानिसहरूले स्वास्थ्यको प्रथम सेवाप्रदायक वा सहजकर्ताको रूपमा कार्य गर्ने व्यवस्था छ भने अस्पताल सेवा अन्तर्गत अस्पातालका सम्पूर्ण स्वास्थ्य सेवा बुझ्नु पर्दछ । जनस्वास्थ्य आपत्काल पूर्व, जनस्वास्थ्य आपत्कालका बेला र जनस्वास्थ्य आपत्काल पश्चात यी इकाई र केन्द्रहरूले निम्न बमोजिमका पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनाका कार्यहरू गर्दछन् ।

(क) जनस्वास्थ्य आपत्कालको पूर्वतयारीका अवस्थामा:-

(१) जनस्वास्थ्य आपत्कालका बेलामा समुदायमा दिइने सेवा, अस्पताल-पूर्व सेवा, अस्पतालमा प्रदान गरिने सेवा र अस्पताल-पश्चातको सेवाका लागि आवश्यक निर्देशिका, मापदण्ड, योजना, कार्यविधि तयार गर्ने ।

(२) अस्पतालपूर्व सेवा प्रणालीलाई सुदृढिकरण गर्दै देशभरका एम्बुलेन्सहरूलाई प्रेषण केन्द्र (टेलिफोन नम्बर १०२) मार्फत सञ्चालन गर्न व्यवस्था गर्ने ।

(३) सरकारी, सामुदायिक, निजी तथा शिक्षण अस्पतालहरूसँग समन्वय गरी हब-स्याटेलाइट अस्पताल सञ्जाल निर्माण गर्ने र अस्पतालको विपद् व्यवस्थापन योजना तयार गर्न सहयोग गर्ने ।

(४) हब तथा स्याटेलाइट अस्पताल सञ्जाललाई व्यवस्थित गर्दै आपतकालिन अवस्थामा प्रतिकार्यको लागि तयारी अवस्थामा राख्ने ।

(५) जोखिम मूल्याङ्कनको लागि विकसित गरिएका विधिहरू र अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (International Health Regulation, 2005) को मूल्याङ्कन रुपरेखा (Monitoring and Evaluation Framework) का आधारमा प्राप्त सुझावहरू र प्राथमिकता क्षेत्रहरूलाई ध्यानमा राख्दै आवश्यक कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने ।

(६) जनस्वास्थ्य आपत्कालको तयारीका लागि जोखिम विश्लेषण गर्दै नियमित रूपमा नमुना अभ्यास (Simulation Exercise) सञ्चालन गर्न सहयोग गर्ने ।

(७) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि आवश्यक क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायसगँ समन्वय र सहजीकरण गर्ने ।

(८) जनस्वास्थ्य आपत्कालसँग सम्बन्धित आवश्यक विभिन्न स्रोत-साधनहरुको अनुमान तथा लगत अद्यावधिक राख्ने ।

(९) जनस्वास्थ्य आपत्कालसगँ सम्बन्धित सबै किसिमका तथ्यांकहरू संकलन, अद्यावधिक र विश्लेषण गर्ने ।

(१०) मौसमी रूपमा देखा पर्ने प्राकृतिक तथा मानवजन्य विपद्हरूको पूर्वसतर्कतासम्बन्धी कार्यका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी लक्षित समूहमा जानकारी प्रदान गर्ने ।

(११) विपद्को पूर्वसूचना प्रणालीको आधारमा तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

(१२) विश्वका कुनै पनि भूभागमा जैविक आतङ्कवाद (Bioterrorism) साथै महामारीको अवस्था सिर्जना भएमा त्यसबाट नेपालमा हुनसक्ने जोखिम विश्लेषणको निम्ति आवश्यक तयारी तथा समन्वय सुनिश्चित गर्ने ।

(१३) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि विज्ञहरुको रोस्टरको व्यवस्था गर्ने ।

(१४) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि प्रत्येक वर्ष आवश्यकता र क्षमताका आधारमा बजेट व्यवस्थापन गर्ने वा सोका लागि आवश्यक समन्वय गर्ने ।

(ख) जनस्वास्थ्य आपत्कालको अवस्थामा:-

(१) जनस्वास्थ्य आपतकालको अवस्थामा मन्त्रालयको इन्सिडेन्ट कमाण्ड सिस्टम (आई.सि.एस्.) सक्रिय भएमा आई.सि.एस्. को सचिवालयको कार्य गर्दै आई.सि.एस्. का सबै निर्णयहरू र अनुमोदन भएको कार्ययोजना कार्यान्वयन गर्ने गराउने ।

(२) थप जनशक्ति आवश्यक परेमा आई.सि.एस्. को निर्णयअनुसार स्थायी दरबन्दीका कर्मचारीहरू वा आन्तरिक स्रोत वा करार सेवामार्फतका कर्मचारीहरु खटाउने ।

(३) जनस्वास्थ्य आपतकालको स्थिति विश्लेषण गरी घटना, रोग वा जोखिम फैलिएको स्थानको सूक्ष्म नक्सा तयार गरी आई.सि.एस्. मा जानकारी प्रस्तुत गर्ने ।

(४) बहुक्षेत्रीय आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य गतिविधिको लागि स्वास्थ्य क्षेत्रको सम्पर्क केन्द्रको रूपमा कार्य गर्ने ।

(५) जनस्वास्थ्य आपत्कालका बेला गलत सूचना प्रवाह हुन वा अफवाह (infodemic) फैलिन नदिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(५) सम्बन्धित मन्त्रालय, निकाय तथा अस्पतालहरूसँग समन्वय गरी समग्र प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

(६) अस्पतालपूर्व सेवा प्रणालीअन्तर्गत देशभरका एम्बुलेन्सहरूलाई प्रेषण केन्द्रमार्फत प्रत्यक्ष निगरानी र परिचालन गर्ने ।

(७) अस्पताल सञ्जालसँगको समन्वयमा अत्यावश्यक स्वास्थ्य सामग्री तथा स्रोत साधनहरूको तथ्यांक संकलन र अद्यावधिक गर्ने ।

(८) अस्पतालहरूको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने ।

(९) आपत्कालिन चिकित्सकीय समूहहरुको आवश्यकता भएमा आपत्कालिन चिकित्सकीय समूह परिचालन कार्यविधि, २०८१ अनुसार आपत्कालिन चिकित्सकीय समूह परिचालन गर्ने ।

(१०) जनस्वास्थ्य आपत्कालको प्रतिकार्य तथा सोको स्रोत व्यवस्थापनका लागि सरोकारवाला निकायसगँ समन्वय गर्ने ।

(ग) जनस्वास्थ्य आपत्काल पश्चातको अवस्थामा:-

(१) अस्पतालपश्चातको विशेषज्ञ सेवाको सम्बन्धमा श्रोत, साधन पहिचान गरी आवश्यक व्यवस्था मिलाउने ।

(२) जनस्वास्थ्य आपत्कालबाट प्रभावित समुदायको स्वास्थ्य सम्बन्धी पुर्नलाभ तथा पुर्नस्थापनाका लागि आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने ।

समुदाय तथा अस्पताल-पूर्व सेवा (Community and Pre-Hospital)

आवश्यक परेका बेला सहयोग गर्ने समुदायका मानिसहरू नै जनस्वास्थ्य आपत्काल तथा विपद्का बेला घाइते तथा बिरामीहरूको उचित स्वास्थ्य व्यवस्थापनमा प्रथम सहजकर्ता विन्दुको रुपमा अहम् भूमिकामा हुन्छन् | यसलाई मध्यनजर गर्दै स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाईले समुदायमा प्रदान हुने/हुनुपर्ने स्वास्थ्य सेवाको उचित व्यवस्थापनका लागि समुदाय स्तरमा पनि पूर्वतयारी तथा प्रतिकार्यहरूका कार्यहरू गर्दै आइरहेको छ | समुदाय स्तरमा भएका स्वयंसेवीहरू र क्लब र सँस्थाहरूले स्वास्थ्य आपत्कालिन तथा विपद्का बेला गर्ने स्वास्थ्य हेरचाहलाई अझ प्रभावकारी बनाउन इकाईको पहलमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले सामुदायिक प्रथम स्वास्थ्य प्रतिकार्यकर्ताको Learning Resource Package (तालिम) निर्माण गरी piloting पनि गरिसकेको छ | इकाईले यहीं सामुदायिक प्रथम स्वास्थ्य प्रतिकार्यकर्तालाई जनस्वास्थ्य आपत्कालका बेला प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न वा स्वास्थ्य क्षेत्रसंग सम्पर्क गराउन समुदायमा आफ्नो प्रथम सेवा विन्दुको रूपमा क्षमता विकास गरिरहेको छ |

विरामी वा घाईतेलाई घटनास्थलदेखि अस्पतालमा पुर्याउँदासम्म गरिने आकस्मिक उपचार र चिकित्सकीय सेवा वा अन्तर-अस्पताल स्थानान्तरण गर्नेक्रममा गरिने स्याहारलाई अस्पतालपूर्व सेवा भनिन्छ | एम्बुलेन्स, प्रेषण केन्द्र (टोल फ्री नम्बर १०२) र तालिम प्राप्त प्रेषक, एम्बुलेन्स चालक र स्वास्थकर्मीहरू यस अस्पताल-पूर्व प्रणालीका अभिन्न अङ्गहरू हुन् | एम्बुलेन्सको ड्रयाकिङ, दुरुपयोग नियन्त्रण, र मूल्यांकन तथा अनुगमन प्रणालीलाई सशक्त बनाउन एम्बुलेन्समा GPS (Global Positioning System) को जडान र प्रभावकारी सञ्चालन गरिएको छ भने “१०२” प्रेषण केन्द्रहरूबाट एम्बुलेन्स प्रेषण भइरहेका छन् | स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाईले एम्बुलेन्सलाई बिरामी वा घाइते बोक्ने वा छिटो अस्पताल



पुर्याउने भन्दापनि आवश्यक स्वास्थ्य सेवा प्रदान गर्दै अस्पताल सेवासम्म पुर्याउने माध्यम बनाएको छ ।

स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाईको अगुवाईमा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ ले व्यवस्था गरे अनुरूप, हालसम्म राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य तालिम केन्द्रहरूले करिब ८०० जना एम्बुलेन्स चालकहरूलाई तीन दिने "एम्बुलेन्स चालक तालिम" (Ambulance Driver Training), करिब १०० जना स्वास्थ्यकर्मीहरूलाई तीस दिने "Basic Emergency Medical Technician (BEMT)" तालिम, र ५० जना प्रेषकहरूलाई तीन दिने "Emergency Medical Dispatch" अभिमुखिकरण तालिम प्रदान गरिसकेका छन्। स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाईले राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ लाई अध्यावधिक गर्दै एम्बुलेन्स सेवालाई परम्परागत परिचालनमा मात्र सिमित नराखी विद्युतीय एम्बुलेन्स, हेली एम्बुलेन्स र एयर एम्बुलेन्सको परिकल्पना समेत गरिरहेको छ ।

अस्पताल सेवा (Hospital Service)

हब तथा स्याटेलाइट अस्पताल संजाल (Hub and Satellite Hospital Network):

स्वास्थ्य विषयगत क्षेत्रको समन्वय, सहकार्य तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै, अस्पतालहरुबाट प्रदान गरीने सेवाहरूलाई समन्वयात्मक ढंगले संचालन गर्ने उदेश्यले हब अस्पताल (Hub Hospital) र स्याटेलाइट अस्पताल (Satellite Hospital) को अवधारणा विकास गरिएको छ ।

वि.स. २०७१ देखि नै विपद् तथा जनस्वास्थ्य आपतकालीन अवस्थासम्बन्धि पूर्वतयारी तथा प्रतिकार्यलाई सहज, सरल र गुणस्तरीय बनाउन स्वास्थ्य सँस्थाहरूवीच समन्वय र सहकार्यको आवश्यकता भए अनुरूप हब तथा स्याटेलाइट अस्पताल संजालको विकास गरिएको हो । यसै अनुरूप हाल देशभर २५ वटा अस्पतालहरूलाई हब अस्पतालको रूपमा जिम्मेवारी तोकिएको छ ।

उक्त अवधारणा अनुसार वि.स. २०७१ सालमा काठमाडौं उपत्यकाभित्रका ६ वटा अस्पताल हरू:- राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, निजामती कर्मचारी अस्पताल, पाटन अस्पताल, भक्तपुर अस्पताल र नेपाली सेनाको श्री विरेन्द्र अस्पतालहरूलाई हब अस्पतालको रूपमा जिम्मेवारी तोकिएको थियो ।यी अस्पतालहरूले वि.स. २०७२ को भूकम्प पछिको अवस्थामा पूर्व निर्धारित योजनाअनुसार समयमै सेवा प्रवाह, क्षतिको न्यूनीकरण गर्न, समन्वय तथा रेफर सेवामा सहज भएको थियो । उनीहरूको प्रयास सराहनीय भए तापनि, आवश्यक सामग्री र स्रोत साधन व्यवस्थापनका लागि मन्त्रालयसँग समन्वय गर्न कठिनाइ भएको देखिएको थियो।यही अनुभवले नेपालको स्वास्थ्य सेवा प्रणालीमा हब तथा स्याटेलाइट अस्पताल सञ्जाललाई राष्ट्रिय स्तरमा विस्तार गर्ने दिशामा महत्वपूर्ण कदम सावित गरेको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समयानुकूल हब अस्पतालहरूको सूची परिमार्जन एवं अद्यावधिक गर्दै आएको छ। वि.सं. २०८० साल जेठ ७ गतेको सचिवस्तरको निर्णयअनुसार, हब अस्पतालहरूको क्षेत्रभित्र पर्ने सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाहरूसँग समन्वय र सहकार्य गरी आपतकालीन सेवा सञ्चालन गर्ने जिम्मेवारी तोकिएको छ। हालसम्म नेपालभर २५ वटा हब अस्पतालहरू सञ्चालनमा रहेका छन्, जसमा काठमाडौं उपत्यकामा ५ वटा हब अस्पतालहरू समावेश छन्। आगामी दिनमा जनसंख्या, भौगोलिक अवस्था, जोखिमको प्रकृति र सेवा आवश्यकतालाई ध्यानमा राख्दै हब अस्पतालहरूको संख्या विस्तार गर्नु अपरिहार्य देखिन्छ।

Network of Hub Hospital in Nepal



हब अस्पतालको क्षेत्र सम्बन्धमा (Catchment Area of Hub Hospitals):-

#	प्रदेश	हब अस्पताल (मुख्य सम्पर्क अस्पताल)	क्षेत्र भित्रका स्याटेलाईट अस्पताल (सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाहरू)
१.	कोशी	ईलाम अस्पताल, ईलाम	ताप्लेजुङ, पांचथर र ईलाम जिल्ला
२.	कोशी	कटारी अस्पताल, उदयपुर	ओखलढुंगा, खोटाङ, सोलुखुम्बु र उदयपुर जिल्ला
३.	कोशी	वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	सुनसरी, धनकुटा, संखुवासभा, भोजपुर र तेरथुम जिल्ला
४.	कोशी	कोशी अस्पताल	मोरङ र झापा जिल्ला
५.	मधेश	गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल	सप्तरी र सिरहा जिल्ला
६.	मधेश	मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान/ प्रादेशिक अस्पताल जनकपुर	धनुषा, महोत्तरी, र सर्लाही जिल्ला
७.	मधेश	नारायणी अस्पताल	बारा, पर्सा र रौतहट जिल्ला
८.	बागमती	भरतपुर अस्पताल	चितवन, नवलपुर, मकवानपुर र गोरखा जिल्ला
९.	बाग्मती	धुलिखेल अस्पताल	सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, रामेछाप र सिन्धुली जिल्ला
१०.	बागमती	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	काठमाडौँ, ललितपुर, भक्तपुर र धदिङ्ग जिल्ला (तोकिएका अस्पताल)
११.	बागमती	निजामती कर्मचारी अस्पताल	
१२.	बागमती	वीर अस्पताल	
१३.	बागमती	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल	
१४.	बागमती	श्री विरेन्द्र सैनिक अस्पताल	
१५.	बागमती	त्रिशुली अस्पताल, नुवाकोट	नुवाकोट र रसुवा जिल्ला
१६.	गण्डकी	धौलागिरी अस्पताल	बाग्लुङ, मुस्ताङ, पर्वत र म्याग्दी जिल्ला
१७.	गण्डकी	जी.पी कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र	गोरखा, लमजुङ, मनाङ र तनहु जिल्ला
१८	गण्डकी	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	कास्की, स्याङ्गजा जिल्ला
१९.	लुम्बिनी	लुम्बिनी प्रादेशिक अस्पताल	रुपन्देही, नवलपरासी, पाल्पा, गुल्मी र कपिलवस्तु जिल्ला
२०.	लुम्बिनी	राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान	रोल्पा, प्यूठान, रुकुम पूर्व, अर्घाखाँची र दाङ जिल्ला

२१.	लुम्बिनी	भेरी अस्पताल	बाँके र बर्दिया जिल्ला
२२.	कर्णाली	प्रदेश अस्पताल, सुर्खेत	सुर्खेत, दैलेख, रुकुम पश्चिम, डोल्पा, सल्यान, हुम्ला र जाजरकोट जिल्ला
२३.	कर्णाली	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	मुगु, जुम्ला र कालिकोट जिल्ला
२४.	सुदूरपश्चिम	डडेल्धुरा अस्पताल	डडेल्धुरा, डोटी, बैतडी, दार्चुला, बझाङ, बाजुरा र अछाम जिल्ला
२५.	सुदूरपश्चिम	सेती प्रादेशिक अस्पताल	कैलाली र कंचनपुर जिल्ला

मुख्य सम्पर्क (हब) अस्पतालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ:-

(क) अस्पताल प्रमुखले अस्पतालको आकस्मिक विभाग प्रमुखलाई हब अस्पतालका लागि मूख्य सम्पर्क व्यक्तिको रूपमा तोक्ने, र सो को जानकारी प्रादेशिक केन्द्र र केन्द्रमा गराउने ।

(ख) हब अस्पतालले आफ्नो सञ्जाल भित्रका अस्पतालहरुसँग पूर्वतयारीको अवस्थामा त्रैमासिक रुपमा र प्रतिकार्य अवधिमा आवश्यकतानुसारको समन्वय बैठक सञ्चालन गर्ने ।

(ग) जनस्वास्थ्य आपत्कालको पूर्वतयारीका लागि जनशक्ति व्यवस्थापन, आपूर्ति व्यवस्थापन, भौतिक श्रोत, औषधि तथा औषधीजन्य औजार उपकरण आदिको विद्युतीय प्रणालीमा नियमित रुपमा नक्साकंन र अद्यावधिक गर्ने गराउने ।

(घ) जनस्वास्थ्य आपत्कालको अवस्थामा कुनै पनि समयमा परिचालन हुनका लागि आपतकालिन चिकित्सकीय समूह परिचालन कार्यविधि २०८१ मा व्यवस्था भएअनुसार आपतकालिन चिकित्सकीय समूह तयारी अवस्थामा राख्ने ।

(ङ) आपतकालिन अवस्थामा प्रभावकारी सञ्चारका लागि योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

(च) जनस्वास्थ्य आपत्कालका समयमा स्वास्थ्य हेर्ने प्रादेशिक मन्त्रालय र अन्य सरोकारवाला निकायसंग समन्वय गरि आपतकालिन चिकित्सकीय समूह परिचालन कार्यविधि २०८१ मा तोकेको द्रुत मुल्यांकन गर्ने गराउने ।

(छ) जनस्वास्थ्य आपत्कालका समयमा सम्बन्धित सञ्जालभित्रका अस्पतालहलाई स्वास्थ्य उपचारका लागि आवश्यक स्रोत सामग्री तथा जनशक्तिको लागि समन्वय गर्ने ।

(ज) जनस्वास्थ्य आपत्काल अवस्था तथा आपत्काल पश्चात रेफरल सेवालाई सम्बन्धित अस्पतालहरूसंग निरन्तरताका लागि सहकार्य गरि व्यवस्थित गर्ने ।

(झ) अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा गर्ने, सो योजनालाई विद्धुतीयकरण गर्ने र सबै कर्मचारीहरुलाई वार्षिक रूपमा अभिमुखीकरण गर्ने ।

(ञ) आफ्ना संजाल अन्तर्गतका स्याटेलाइट अस्पतालहरूको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन सहजीकरण गर्ने ।

(ट) आफ्ना संजाल अन्तर्गतका स्याटेलाइट अस्पतालहरूको नविकरण, स्याटेलाइट अस्पतालका उपकरणहरुको भन्सार छुट जस्ता कार्यमा सिफारिश गर्ने ।

(ठ) जनस्वास्थ्य आपत्कालको समयमा अस्पतालको भौतिक संरचनामा क्षति भई अस्पतालभित्र सेवा दिन कठिन भएको अवस्थामा निरन्तर स्वास्थ्य सेवा सुनिश्चितताका लागि वैकल्पिक सेवा क्षेत्र (Alternate Care Site) को व्यवस्था गर्ने ।

(ङ) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि प्रत्येक वर्ष आवश्यकता र क्षमताका आधारमा बजेट विनियोजन गर्ने ।

(ढ) इकाई, केन्द्र र प्रादेशिक केन्द्रको समन्वयमा आवश्यक कार्यहरू गर्ने गराउने ।

स्याटेलाइट अस्पतालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि मुख्य सम्पर्क व्यक्ति तोक्ने र सोको जानकारी हब अस्पतललाई गराउने,

(ख) जनस्वास्थ्य आपत्काल पूर्व तयारीको लागि अस्पतालको सञ्जालमा आबद्ध भई इकाई, केन्द्र र मुख्य सम्पर्क अस्पतालको समन्वयमा रही जनशक्ति व्यवस्थापन, आपूर्ति व्यवस्थापन, भौतिक स्रोत, औषधि तथा औषधिजन्य औजार उपकरण लेखाजोखा आदिको विद्युतीय प्रणालीमा नियमित रुपमा नक्साकंन र अद्यावधिक गर्ने गराउने,

(ग) आपतकालिन अवस्थामा प्रभावकारी सञ्चारका लागि योजना बनाई कार्यान्वयन गर्ने,

(घ) अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा गरी सो योजनालाइ विद्धुतीय प्रणालीद्वारा मुख्य सम्पर्क अस्पताल र केन्द्रमा जानकारी गराउने,

(ङ) जनस्वास्थ्य आपत्काल तथा विपद्को समयमा अस्पतालको भौतिक संरचनामा क्षति भई अस्पतालभित्र सेवा दिन कठिन भएको अवस्थामा निरन्तर स्वास्थ्य सेवा सुनिश्चितताका लागि वैकल्पिक सेवा क्षेत्र (Alternate Care Site) को व्यवस्था गर्ने,

(च) जनस्वास्थ्य आपत्काल तथा विपद् व्यवस्थापनका लागि प्रत्येक वर्ष आवश्यकता र क्षमताका आधारमा बजेट विनियोजन गर्ने,

(छ) केन्द्र, प्रादेशिक केन्द्र र हब अस्पातालको समन्वयमा आवश्यक कार्य गर्ने ।

Emergency Medical Logistic Warehouse:

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा विश्व स्वास्थ्य संगठनको सहयोगमा स्वास्थ्य क्षेत्रको लागि विभिन्न निम्न रणनीतिक ठाउँको आधारमा हब अस्पतालहरुमा तयारी अवस्थामा राखिएका छन् :-

#	Prepositioning/Warehouse	प्रदेश
१	त्रि.बि. शिक्षण अस्पताल, महाराजगन्ज	बागमती प्रदेश
२	भक्तपुर अस्पताल, भक्तपुर	बागमती प्रदेश
३	वीर अस्पताल, महाबौद्ध, काठमाडौँ	बागमती प्रदेश
४	श्री विरेन्द्र अस्पताल, छाउनी	बागमती प्रदेश
५	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर	बागमती प्रदेश
६	निजामती कर्मचारी अस्पताल, नयाँ-बानेश्वर	बागमती प्रदेश
७	डडेलधुरा उप-क्षेत्रीय अस्पताल, डडेलधुरा	सुदुरपस्चिम प्रदेश
८	सेती प्रदेश अस्पताल, धनगडी	सुदुरपस्चिम प्रदेश
९	राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान, दांङ्ग	लुम्बिनी प्रदेश
१०	भेरी प्रदेश अस्पताल, नेपालगन्ज, बाँके	लुम्बिनी प्रदेश

** साथै आवश्यकता अनुसार Emergency Stock को व्यवस्था गर्न समन्वय गर्ने ।*

अस्पताल विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना
(Hospital Disaster Preparedness and Response Plan (HDPRP)

अस्पताल विपद् पूर्व तयारी भनेको कुनै ठूलो विपद् आउनु अघि अस्पतालको क्षमता र तयारी सुधार गर्न तयार पारिएका प्रणाली, प्रक्रिया र कार्यहरू हुन्। विपद् तथा जनस्वास्थ्य आपतकालीन अवस्थालाई सफलतापूर्वक व्यवस्थापन गर्न अस्पतालले पहिलो कदमका रूपमा विपद् व्यवस्थापन रणनीति तयार गर्नुपर्छ।

अस्पताल विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (HDPRP) मा विपद् पूर्व तयारी, न्यूनीकरण, प्रतिकार्य र पुन:स्थापनाका चरणहरूको लागि स्पष्ट कार्ययोजना समावेश गरिएको छ। यसमा अस्पताल विपद व्यवस्थापन समिति, कार्यदल, कार्ययोजना, आकस्मिक चिकित्सकीय टोली, ट्रायज प्रणाली, अस्पताल फ्लोर प्लान, प्रवेशद्वारहरू, कर्मचारीहरूको भूमिका तथा जिम्मेवारीहरू, आन्तरिक र बाह्य संचार, हब अस्पतालहरूको स्रोत नक्साङ्कन, विपद् समयमा फरक क्षमता भएका व्यक्तिहरूको व्यवस्थापन, विपद् समयमा प्रजनन स्वास्थ्यको सम्बोधन, लैङ्गिक आधारित हिंसा सम्बन्धी व्यवस्था र कोभिड-१९ व्यवस्थापनसमेत समेटिएको छ।

अस्पताल विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना प्रारम्भको वि.सं. २०७२ देखि विभिन्न अस्पतालहरूमा विकास गरिएको थियो, जसले केही अवस्थामा सुधार आवश्यकताको महसुस गराइ नयाँ योजना निर्माण गर्ने आवश्यकता उत्पन्न गर्‌यो। सोहि अनुरूप नेपालभरका २५ वटै हब अस्पतालहरूको वि.सं. २०७५ सम्म योजना निर्माण भइसकेको अवस्था थियो। विभिन्न अस्पतालहरूले विपद् जोखिमको अवस्थालाई मध्यनजर गरी आंशिक रूपमा भए पनि पूर्वतयारी र प्रतिकार्य गरिरहेका बेला, सम्बन्धित कार्यहरूको तथ्यांकलाई एकरूपता र वैधताका लागि स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन ईकाई (HEDMU) को नेतृत्व र विश्व स्वास्थ्य संगठन, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा विपद् सम्बन्धी मार्गदर्शन, योजना विकास र अध्यावधिक गर्न Hospital Safety Index Plus (HSI+) एप विकास गरियो।

वि.सं. २०८० देखि यो एपमार्फत HDPRP को विकास प्रक्रिया थप सहज, छिटो र प्रभावकारी बनाउन सहयोग पुग्दै आएको छ। हाल नेपालभरका २५ वटा हब अस्पताल र १२० भन्दा बढी स्याटेलाइट अस्पतालहरूमा योजना निर्माण भइसकेको अवस्था छ। साथै, HEDMU/HEOC को मार्गदर्शनमा अन्य साझेदार निकायले पनि सहयोग गरी अस्पतालहरूमा योजना निर्माण भैरहेको अवस्था छ।

विपद् व्यवस्थापनलाई समयमा नै उचित सम्बोधन गर्न अस्पताल विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (Hospital Disaster Preparedness and Response Plan, HDPRP) निर्माण गरी कार्यान्वयन हुँदै आएको छ।

अस्पताल विपद् व्यवस्थापन योजना टेबलटप अभ्यास र सिमुलेशनमार्फत गहिराइका साथ विकास र परिमार्जन हुँदै आएको छ भने HEDMU ले HEOC-PHEOC Information Management Repository - dashboard मार्फत यस योजनाको अध्यावधिक र निरन्तर कार्यान्वयन भए/नभएको निगरानी गर्दै आइरहेको छ।

अस्पताल पश्चात सेवा (Post-Hospital)

अस्पताल-पछिको सेवा भन्नाले बिरामीलाई अस्पतालबाट डिस्चार्ज भएपछि आवश्यक पर्ने सेवा, रेखदेख र सहयोगलाई जनाउँछ, जसले उनीहरूलाई घर वा अर्को स्वास्थ्य संस्थामा सहजरूपमा फर्किन सहयोग गर्छ । अस्पताल-पछिको सेवा गम्भीर स्वास्थ्य समस्या, जटिल अवस्थाहरू वा आघातजन्य चोटपटकपछि आवश्यक पर्न सक्छ। यसमा चिकित्सकीय निगरानी, औषधीको व्यवस्थापन, पुनर्स्थापना सेवा तथा समाजमा घुलमिलजस्ता विभिन्न सेवा समावेश भएका हुन्छन, जसले बिरामीको सफल पुनःस्थापनामा महत्वपूर्ण भूमिका खेल्दछ। सबै व्यक्तिलाई यस्ता थप सेवाको आवश्यकता नपर्न पनि सक्छ; कतिलाई त आफुले भेट्नुपर्ने डाक्टरलाई भेट पनि पुग्छ । अस्पतालमा पहिलानै भर्ना भएका विरामीहरू भन्दा झन् गम्भीर

प्रकृतिका व्यक्तिलाई उपचार गर्नुपर्ने देखिएमा अस्पतालको क्षमता नपुगेमा यसले अर्को विपद निम्त्याउन सक्छ ।

केही सीमित अस्पतालहरूमा मात्र पुनःस्थापनामा सेवा उपलब्ध छन् जस्तै: स्पाइनल इन्जुरी पुनःस्थापना केन्द्र, HRDC र केही निजी अस्पतालहरू। मानसिक स्वास्थ्य वा मनोसामाजिक पुनःस्थापना केन्द्रहरू नेपालमा सीमित छन् । नेपालका मुख्य शहरहरूमा घरमै प्रदान गरिने पालीएटिभ हेरचाह सेवा सुरु भएका छन् । FCHVहरूले समुदाय स्तरमा दीर्घरोगी बिरामीहरूलाई केही सहयोग गर्न सक्छन्। विशेष रूपमा अस्पताल-पछिको सेवाका लागि आवश्यक तालिमप्राप्त भने छैनन्।

MoHP ले WHO र EU को सहयोगमा "नेपालमा आपतकालीन अवस्थामा अस्पताल-पछिको सेवाबारे पहिलो राष्ट्रिय सम्मेलन" मिति २०७५ कार्तिक ८-९ गते (सन् २०१८) काठमाडौँमा सम्पन्न सम्मेलनले अस्पताल-पछिको सेवालाई मार्ग निर्देशन गर्ने माथि उल्लेखित १४ वटा बुदा समेटिएको काठमाडौँ घोषणा प्रस्तुत गरेको थियो ।

सन् २०२१ मा "Standard Operating Procedures (SOP) for Step-down Facility in Hub-hospitals of Nepal" मन्त्रालयद्वारा कार्यविधि पारित भयो । स्वास्थ्य आपतकालीन अवस्थामा पनि हब-हस्पिटलहरूले आकस्मिक सेवाहरू सहजरुपमा संचालनगर्नको लागि स्टेप-डाउन पद्दतिलाई उचित ठानिन्छ । दुर्घटनामा परि विरामी, घाइते वा अपाङ्गता भएकाहरू घर वा समुदाय वा पुनःस्थापना वा स्टेप-डाउन सुविधा भएको ठाउँ अस्पताल पहुँचमा कठिनाई हुनुहुदैन । विपद्को समयमा आपतकालीन उपचार प्राप्त गर्नेसक्ने पीडितहरूको संख्या कति हुन्छ भन्ने हालसम्म कुनै प्रमाणित तथ्यांक उपलब्ध छैन। तर, सन् २०१५ को नेपालको भूकम्पको तथ्यांकलाई हेर्दा, भूकम्पबाट घाइते भएका मध्ये लगभग १०% लाई पुनःस्थापना सेवा र दीर्घकालीन अनुगमन आवश्यक परेको अनुमान गरिएको थियो। यस तथ्यांकका आधारमा, सम्बन्धित हब-हस्पिटलमा स्टेप-डाउन सुविधाका शैयाको संख्या कुल शैयाको लगभग १०% सम्म पुग्न सक्ने सुझाव दिन सकिन्छ। स्टेप-डाउन सुबिधाको लागि तल उल्लेखित आवश्यक सुबिधा र उपकरण सिफारिस गरिएको छ:

Equipment	Quantity
Beds	
Patient beds	20 beds (or 10% of hub hospital bed capacity)
Caretaker beds	20 beds (or same or proportion of patient beds
Buildings/Tents	
General tents (sleeping quarters) for staff and patients	6 tents
Transition tent for patients and caretaker	4 beds
Tent for administration and staff quarters	3 beds
Security tent	1 tent
Physiotherapy tent	1 tent
Psychosocial tent	1 tent
Kitchen and adjoining dining room	1 kitchen/dining hut
Laundry area	1 outdoor area

WASH Facilities	
Patient latrines (2F/2M)	4 latrines
Patient bathrooms (2F/2M)	4 bathrooms
Staff latrines (1F/1M)	2 latrines
Staff bathrooms (1F/1M)	2 bathrooms
Water tanks-large (3000 Liters)	2
Hand washing stations-small tanks (200 Liters)	8

Source: Standard Operating Procedures (SOP) for Step-down Facility in Hub-hospitals of Nepal, 2021, MoHP

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन् २०१९ को कुरिनटारमा सम्पन्न राष्ट्रिय कार्यशालाले अस्पताल-पछिको सेवामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई निम्न तालिमहरूको सिफारिस गरेको थियो:

1. Public Health Management in Humanitarian Complex Emergency
2. Post Hospital Referral Pathway orientation
3. Orientation on Step Down Facilities
4. Social Protection Related Training
5. Psychosocial support/counseling training - vulnerable people
6. Nutrition package training during emergency for health workers
7. Injury Trauma Management and Emergency Trauma Management

सूचना व्यवस्थापन (Information Management)



स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाईले स्वास्थ्य क्षेत्रको विपद पूर्व तयारी, योजना र प्रतिकार्यका लागि आवश्यक पर्ने सूचना तथा तथ्यांकहरु उपलब्ध गराउनुका साथै सोको लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार निकायहरु संग निरन्तर समन्वय गर्ने काम गर्दै आइरहेको छ।

यस इकाईले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन केन्द्र, राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र, सुरक्षा निकायहरू, हब तथा स्याटेलाइटअस्पताल संजाल र प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरू सँग प्रत्यक्ष तथा प्रदेश आपतकालीन कार्यसंचालन केन्द्रहरु, जिल्ला आपतकालीन कार्यसंचालन केन्द्रहरु, जिल्ला स्वास्थ्य कार्यालयहरू, स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रसंग प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमार्फत समन्वय गर्दै विपद् प्रतिकार्य तथा सिघ्र पुनर्लाभमा संलग्न निकायबीच पनि सम्पर्क र समन्वय सुत्रका रूपमा भूमिका पनि निर्वाह गर्दै आएको छ ।

विपद् का सबै चक्र (mitigation, preparedness, response and recovery) मा सूचना व्यवस्थापनमा तथ्यांकहरूलाई वेब पोर्टल मार्फत उचित व्यवस्थापन गर्न र विपद सम्बन्धी ऐन, रणनीति, निर्देशिका,

योजना, प्रोटोकल आदिको विधुतीय पुस्तकालय (e-library) तयार गरेको छ जसले गर्दा छिटो र छरितो रूपमा आम जनसमुदायलाई समयमै सूचना प्रवाह गर्न सफल भएको छ।

स्वास्थ्य आपतकालीन विपद व्यवस्थापन इकाईबाट विपद व्यवस्थापन पूर्व-तयारी तथा प्रतिकार्य सम्बन्धि अभिलेख तथा प्रतिवेदन विधुतीय प्रविधि मार्फत संचालन गरिदै आएको छ। सातै प्रदेशमा रहेका प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रहरू लगायत सरोकारवाला निकायसम्म नेटवर्कको संजाल विस्तार गर्न र सूचनाहरूको एक रुपता र एकद्वार प्रणालीमार्फत संकलन गर्न आवश्यक छ। यस केन्द्रले सूचनाहरूलाई प्रभाबकारी रूपमा सम्प्रेषण गर्न heoc.mohp.gov.np, press release तथा सामाजिक संजाल (facebook, twitter) मार्फत अध्यावधिक सूचना सम्प्रेषणका कार्यहरू गर्दै आएको छ । यसले विपदको समयमा जनताको समयमै जानकारी पहुँचलाई सुनिश्चित गर्नुका साथै नीति तथा निर्णयकर्ताहरूलाई सही निर्णय लिन सहयोग पुर्‍याएको छ। आपतकालीन समयमा नियमित सूचनाका स्रोतहरू अवरुद्द भएको अवस्थामा समेत इकाईमा आपतकालीन संचार BGAN, alternate power backup को व्यवस्था समेत रहेको छ । सामान्य अवस्थामा पनि समय-समयमा संचार माध्यमको नियमित रूपमा अध्यावधिक एवं परिक्षण गर्दै आएको छ ।

आगामी रणनीति:-

१) घटना आदेश प्रणाली सँस्थागत, समन्वय तथा पूर्व-अभ्यास
२) पूर्व-अस्पताल सेवा सुदृढीकरण र हवाई/हेली एम्बुलेन्स परिचालन
३) एम्बुलेन्स प्रेषण प्रणालीको सवलिकरण
४) स्वास्थ्य सँस्थाहरूको समन्वय र विपद् योजनाको प्रभाकारी कार्यान्वयनको सुनिस्चितता
५) विपद् व्यवस्थापनमा मानवीय क्षमता अभिबृद्दी तथा आपूर्ति व्यवस्थापन
६) स्वास्थ्य आपतकालीन जनशक्ति व्यवस्थापन
७) जनस्वास्थ्य आपत्काल पूर्वतयारी तथा प्रतिकार्यमा आन्तरिक तथा बाह्य सूचना व्यवस्थापनको सबलीकरण



१.३. प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरू

संघीय ढाँचा अनुरूप मन्त्रालयबाट प्रदेश स्तरमा समेत प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र (PHEOC) हरूको आवश्यकता महशुस गरी सन् २०२० सम्म सातै प्रदेशमा विश्व स्वास्थ्य संगठनको सहयोगमा स्थापना गरियो । कोभिड-१९ महामारी र अन्य विभिन्न विपद् पूर्वतयारी तथा व्यवस्थापनमा PHEOC हरूले प्रभावकारी भूमिका निर्वाह गर्दै आएका छन् । यी केन्द्रहरूले आपत्कालिन कार्यसञ्चालन केन्द्रहरू (EOCs), हब तथा स्याटेलाइट अस्पताल संजाल, साथै स्वास्थ्य तथा अन्य क्षेत्रका सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्दै प्रदेश, जिल्ला र स्थानीय तहसम्मको विपद् पूर्व तयारी र प्रतिकार्यलाई सुदृढ पार्न महत्वपूर्ण योगदान पुर्‍याएका छन् ।

प्रदेश/स्थान	स्थान	मिति	कैफियत
काठमाडौँ	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हाता भित्र	२०७०	
कोशी प्रदेश	कोशी अस्पतालको हाता भित्र	२०७६	
मधेश प्रदेश	प्रदेश स्वास्थ्य निर्देशनालयको हाता भित्र	२०७६	
बागमती प्रदेश	स्वास्थ्य मन्त्रालयको हाता भित्र	२०७६	
गण्डकी प्रदेश	प्रदेश स्वास्थ्य निर्देशनालयको हाता भित्र	२०७४	
लुम्बिनी प्रदेश	स्वास्थ्य मन्त्रालयको हाता भित्र		
कर्णाली प्रदेश	प्रदेश स्वास्थ्य निर्देशनालयको हाता भित्र	२०७४	
सुदुरपस्चिम प्रदेश	प्रदेश स्वास्थ्य निर्देशनालयको हाता भित्र	२०७४	

२. लेख रचनाहरू

स्वास्थ्यजन्य विपद् व्यवस्थापनमा प्राधिकरणको पहल

ई. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख,
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

स्वास्थ्यजन्य विपद्मा प्राधिकरणको उपस्थिति

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० ले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गरिएको छ । प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्दछ । आम रुपमा जलवायुजन्य विपद्का अतिरिक्त आगलागी, वन डढेलोलगायतका विपद्मा बढी ध्यान जाने भए पनि जलवायु परिवर्तन, बसाईं सराई, अव्यवस्थित शहरीकरण तथा किटजन्य संक्रमणहरुको विस्तारसँगै स्वास्थ्यजन्य घटनाहरु पनि विपद्का रुपमा विकास हुन थालेका छन् । तापक्रम बृद्धिका कारण सर्पदंश, डेंगीलगायतका स्वास्थ्यजन्य विपद् पनि बढ्दो छ । त्यसैले, अन्य विपद्सँग यसमा पनि पर्याप्त ध्यान दिनुपर्ने आवश्यकता टड्कारो बनिसकेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्वास्थजन्य विपद्का हकमा समेत नीतिगत तथा कार्यक्रमगत पहल गर्दै आएको छ ।ऐनमा उल्लेख विपद्मध्ये महामारीमध्ये तातो हावाको लहर, शीतलहर, किट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लू, सर्पदंश, विशाक्त ग्यास, रसायन वा विकीरण चुहावट, विषाक्त सेवन, वातावरणनीय प्रदुषण आदिलाई स्वास्थ्यसग प्रत्यक्ष जोडिने विपद्का रुपमा लिन सकिन्छ । तथापि, यी विपद्मध्ये तातो हावाको लहर, शीतलहरमा कार्ययोजना बनाएर कार्यान्वयनका लागि समन्वय गरिरहेको छ भने एवं वायु प्रदुषणजन्य विपद् सम्बन्धमा कार्ययोजना बनिरहेको छ ।

स्वास्थ्यजन्य विपद्का घातक असर

जल तथा मौसम विज्ञान विभागका अनुसार अनुसार मनसुन नेपाल भित्रिनु पूर्व दुई दिनअगाडि जेठ १६ गते नेपालगञ्जमा यस वर्षकै अधिकतम तापक्रम ४४.२ डिग्री सेल्सियस मापन भयो । यस वर्षको मनुसन आकलन अनुसार एकातिर भारी वर्षाको संभावना र त्यसबाट सिर्जना हुने विपद्को जोखिम छ भने अर्कोतिर अत्यधिक गर्मी, सुक्खा र त्यसबाट उत्पन्न हुने डेंगीलगायतका विपद्को जोखिम बढ्दो छ ।

विशेष गरी, सहरी क्षेत्रमा हरितगृह ग्यास उत्सर्जनमा बृद्धि र अव्यवस्थित भू-उपयोग भएसँगै वायुमण्डलीय तापक्रम बढेको र गर्मी महिनामा तातो हावाको अवस्था सृजना हुने गरेको विभिन्न अध्ययनले देखाएको छ । वन तथा वातावरणको एक प्रतिवेदन (MoFE, 2021) अनुसार नेपालमा विगत केही दशकदेखि वार्षिक औसत अधिकतम तापक्रम ०.०५६ डिग्री सेल्सियसले बृद्धि भएको छ ।

ऐनले तातो हावालाई विपद्कै रुपमा उल्लेख गरेको छ तर यसको प्रभाव तत्काल नदेखिन भएकोले यो विषय प्राय: ओझेलमा परेको देखिन्छ । तर, तातो हावाको असर प्रत्यक्ष रुपमा स्वास्थ्यसँग जोडिएको हुन्छ । विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको सन् २०२४ को प्रतिवेदन अनुसार सन् २००० देखि २०१९ सम्मको अवधिमा गरिएको अध्ययनमा हरेक वर्ष तापसम्बन्धी मृत्यु करिब ४,८९,००० हुने गरेका छन्, जसमध्ये एशियामा ४५% र युरोपमा ३६% हुने गर्छन् । बढ्दो तापले विशेषगरी, वृद्धवृद्धा, बालबालिका र दीर्घरोगी अति प्रभावित हुने देखिएको छ । स्वास्थ्यका अतिरिक्त तातो हावाको लहरले शिक्षा, कृषि तथा पशुपंक्षी, आवास तथा भौतिक पूर्वाधारमा पनि प्रभाव पारिरहेको छ ।

तातो हावाको लहरजस्तै वायु प्रदूषणजन्य विपद्ले मानव स्वास्थ्य गम्भीर असर परिरहेको छ । युरोपियन इनभ्यारोमेन्ट एजेन्सी अनुसार वायुप्रदूषणले गर्दा ब्रोन्काइटिस, दम, फोक्सोको क्यानसर, एसबेस्टोसिस, साइस्टिक फाइब्रोसिस, निमोनिया जस्ता श्वासप्रश्वास सम्बन्धी रोगहरु हुनुका साथ मुटुको रोग, स्ट्रोक, मस्तिष्कघात, आँखा, नाक, कान, घाँटी र छालाको जलन, हाइपर टेन्सनका बिरामीहरुको संख्या बढ्दै गइरहेको देखाएको छ । घरभित्र हुने वायु प्रदूषणले खासगरी गर्भवती तथा सुत्केरी महिला, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ

नागरिक र बालबालिकाहरुलाई अत्यधिक प्रभावित हुन्छन् । विश्व बैंकको सन् २०१९ मा प्रकाशित प्रतिवेदन अनुसार नेपालमा प्रदूषणका कारण सन् २०३० सम्ममा झण्डै १,३८६ मिलियन अमेरीकी डलर बराबरको आर्थिक भार पर्न सक्ने अनुमान गरिएको छ ।

प्राधिकरणको ठोस पहल

यी अवस्थालाई ख्याल गरेर यसै वर्षमात्र स्थान विशेषको अवस्थाअनुसार तातो हावाको लहरको प्रभाव न्यूनीकरण सम्बन्धी पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य लगायतका गतिविधिलाई सहयोग पुर्‌याउने उद्देश्यले 'अत्यधिक गर्मी (Extreme Heat) वा तातो हावाको लहर (Heat Wave) का लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजना' तयार गरी जिल्ला तथा स्थानीय तहहरुलाई सम्प्रेण गरिएको छ ।

यसका साथै तातो हावाको लहरका असरहरु कम गर्ने उपायसहितका जनचेतनाका सामग्री विभिन्न भाषा तथा रुपमा संचारका सबै माध्यममार्पत् प्रकाशन तथा प्रशारण गरिरहेको छ । वन डढेलो न्यूनीकरणको लागि वन डढेलो व्यवस्थापन सम्बन्धी कार्ययोजनाको मस्यौदा तयार भइरहेको छ । त्यस्तैगरी, वायु प्रदुषणजन्य विपद्को लागि राष्ट्रिय कार्ययोजनाको मस्यौदा पनि तयार गरिएको छ ।

स्वास्थ्यजन्य विपद्का जोखिमहरु कम गर्न अथवा व्यवस्थापन गर्न प्राधिकरणले पूर्वतयारी, पूर्वकार्य र शीघ्र प्रतिकार्यका जोड दिइएको छ । विपद्को पूर्वतयारीदेखि प्रारम्भिक पुनर्लाभसम्मका लागि ११ वटा क्लस्टरमध्ये स्वास्थ्य र पोषणको नेतृत्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्दै आएको छ ।

स्वास्थ्यजन्य विपद्को जोखिम कम गर्न पनि सक्षम स्थानीय तह र बलियो समुदाय हुनुपर्छ भन्ने प्राधिकरणको विश्वास छ । स्थानीय तहलाई बलियो र सक्षम बनाउँदै गयौं भने यी विपद् व्यस्थापनको बाटो सहज हुनसक्छ । यसका लागि हाम्रा ऐन र नियमावलीले विपद् स्वयंसेवक, गोदामघरलगायतका व्यवस्थाको परिकल्पना पनि गरेको छ ।

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा रहेका अस्पतालहरुलाई स्वास्थ्यजन्य विपद् सम्बन्धी कमसेकम प्रारम्भिक उपाचार गर्न सक्नेगरी काम गर्नुपर्ने हुन्छ । कोभिडको अनुभवले पनि देखाइसकेको छ, स्वास्थ्यजन्य महामारीमा पनि स्थानीय तहको निर्णायक भूमिका हुन्छ र उनीहरुले त्यो भूमिका निर्वाह गर्न सक्छन् । त्यसैगरी, आवश्यकताअनुसार एम्बुलेन्स, स्वास्थ्य जनशक्तिको व्यवस्थापनमा पनि पर्याप्त ध्यान दिनु आवश्यक छ ।

स्वास्थ्य सम्बन्धी स्वयंसेवकको तयारी अर्को महत्वपूर्ण पक्ष हो । अवकासप्राप्त चिकिस्तक एवं नर्स, स्वास्थ्यसम्बन्धी तालिम लिएका पूर्व सुरक्षाकर्मी, विद्यालयका नर्स आदिले स्वयंसेवकका रुपमा काम गर्न सक्छन् । त्यसैगरी, गाउँगाउँमा खटिएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई पनि आधारभूत तालिम दिन सकिन्छ । यसका साथै, आधारभूत तालिमहरु माध्यमिक विद्यालय तहका पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ ।

जलवायुजन्य विपद्सँग सम्बन्धित स्वास्थ्यजन्य विपद्मा समेत पूर्वसूचना प्रणालीमा महत्व बुझेर तातो हावा तथा शीतलहर सम्बन्धी कार्ययोजनाहरुमा पूर्वकार्य गर्ने क्रियाकलापलाई प्राथमिकता दिइएको छ । यसमा विभिन्न विकास साझेदार एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको सहयोग पनि रहेको छ । हाम्रा प्रक्षेपणको विश्वसनीयता बढेसँगै अब हामीले ती जानकारी तथा सन्देश समबन्धित समुदायसम्म समयमै र बुझ्न सक्ने ढंगले पुर्याउनुपर्ने दायित्व छ । बिस्तारै हामीले कृत्रिम बौद्धिकता (Artificial Intelligence) को सहायताले हाम्रो पूर्वसूचना प्रणाली तथा प्रतिकार्यलाई समृद्ध गर्नुपर्नेछ । विपद्मा उपयोगी साबित भइसकेको लागेको 'ड्रोन' हरुको प्रयोगलाई हामीले अवलम्बन गर्नुपर्ने छ ।

विपद् व्यवस्थापन सरकारको कर्तव्य हो तर सरकार एक्लैको प्रयासले स्वास्थ्यजन्य विपद् जोखिम न्यूनीकरण गर्न सकिंदैन । त्यसैले, निजी क्षेत्र, विकास साझेदार, साझेदार संघसंस्थाहरु, संचार क्षेत्र, प्राज्ञिक क्षेत्रको पनि सहयोग आवश्यक पर्दछ । विपद् व्यवस्थापनमा सहयोग गर्नु हरेक नागरिकको पनि कर्तव्य र दायित्व हो ।

सन्दर्भ सामग्री

1. NDRRMA. (n.d.). https://ndrrma.gov.np/np/plan/205

2. World Bank. (2024). [Towards clean air in Nepal] (Report No. P176456). World Bank

3. Ministry of Forests and Environment, Government of Nepal. (2021). Vulnerability and Risk Assessment and Identifying Adaptation Options. European Environment Agency. (2024). Harm to human health from air pollution in 2024.

Emergency Medical Teams (EMT): A Decade of Impact and Leadership in Nepal

Dr. Prakash Budhathoky
Spokesperson, Ministry of Health and Population (MoHP),
Chief of Health Emergency Operation Center (HEOC),
and Co-Chair, SEAR EMT Working Group

Global Perspective of EMTs

The Emergency Medical Team (EMT) initiative was launched by the World Health Organization (WHO) in the wake of the 2010 Haiti earthquake to improve coordination, quality, and accountability of international emergency medical response.

EMTs are groups of health professionals - doctors, nurses, logisticians, and others - trained and equipped to provide direct clinical care to people affected by emergencies and disasters.

EMT Classification:

Type 1: Outpatient emergency care

Type 2: Inpatient surgical emergency care

Type 3: Complex inpatient care with intensive care units

Specialized Care Teams: Focused clinical specialties (e.g., burn, trauma, maternal care)



Global Status:

- 42 EMTs accredited by WHO globally

- 26 countries have at least one WHO-classified EMT

- EMTs have been deployed in over 100 international emergencies including COVID-19, Ebola, earthquakes, and armed conflicts

The EMT 2030 Strategy outlines a 7-year vision to localize and institutionalize EMT

capacities, integrate them into national systems, and ensure equitable access to emergency care.

Regional Perspective of EMT in South-East Asia Region (SEAR)

The South-East Asia Region (SEAR) remains highly vulnerable to climate-induced disasters, pandemics, and mass casualty incidents. The EMT initiative in SEAR has gained momentum through regional consultations, technical workshops, and national adaptation of global guidelines.



Progress in SEAR:

Regional EMT Working Group formed

Co-chaired by Nepal since 2024

Countries including India, Indonesia, Thailand, and Nepal have made significant EMT advancements

WHO-SEARO supports capacity building, simulations, and guideline development aligned with the EMT 2030 strategy

The SEAR EMT initiative is aligned with EMT 2030's vision to shift from reactive international deployment to strengthening national and subnational EMT systems.

Achievements of the EMT Initiative

- EMTs have responded to over 100 international emergencies since 2010
- Improved coordination and transparency through the EMT Online Directory
- Standardization of EMT minimum standards and verification process
- Capacity-building across regions, especially in SEAR
- Increased localization of EMTs to ensure faster, culturally appropriate response
- Enhanced multi-hazard preparedness in response to the COVID-19 pandemic

National EMT in Nepal and Achievements in the Last 10 Years

Nepal's EMT journey began during the 2015 earthquake when 135 EMTs from 36 countries responded to the disaster. This catalyzed Nepal's efforts to build its own EMT system.

Key Achievements:

2018-2019: Initiation of EMT readiness drills; participation in regional technical meetings

2020: Development of COVID-19 EMDT Mobilization Guidelines; 50 EMTs formed across 25 hub hospitals; over 225 health professionals trained

2022: MoHP commits to national EMT & RRT guideline development at global EMT meeting in Armenia

2023: National EMT workshop held with multi-sectoral participation

September 2024: Endorsement and launch of EMT Standard Operating Procedures (SOP) by MoHP

2024-2025: Table-top exercises and field simulations conducted in Kathmandu and Nepalgunj following orientation to the health care workers throughout the country.

Today, Nepal has 50 functional EMTs, each hub hospital hosting two teams (for infectious disease and mass casualty). EMTs are coordinated by HEOC through Emergency Medical Team Operation Committee (EMTOC).

Nepal as Co-Chair of the SEAR EMT Working Group

In November 2024, Nepal was selected as Co-Chair of the SEAR EMT Working Group at the Global EMT Meeting. This recognition underscores Nepal's leadership and commitment to regional EMT development.

Nepal's role:

Guides regional EMT strategies and capacity-building

Shares national experience and good practices

Strengthens cross-border EMT collaboration within SEAR

Nepal's Co-chairmanship ensures that experiences from high-risk, resource-constrained settings guide regional EMT planning and strengthen SEAR's collective emergency preparedness.

Alignment with EMT 2030 Strategy

Nepal's EMT development aligns with all three pillars of the EMT 2030 Strategy:

EMT 2030 Strategic Pillars	Nepal's Achievements
National EMT Capacities Institutionalized	50 EMTs integrated into 25 hub hospitals; SOP endorsed; trainings underway
Integrated into Health Emergency Systems	EMTs linked to HEOC/EMTOC with clear operational roles
Available for National and International Response	Preparing for global accreditation; aspirations for international deployment articulated

Nepal calls upon the global community for continued support towards WHO accreditation, enabling future international deployment and cross-border solidarity.

Acknowledgement

The author sincerely acknowledges the invaluable support provided by WHO Country Office for Nepal, whose technical and strategic guidance has been instrumental in the conceptualization, development, and operationalization of the Emergency Medical Team (EMT) system in Nepal. From the early post-earthquake coordination efforts to the development of national EMT guidelines and the endorsement of the Standard Operating Procedure, WHO Nepal's consistent partnership has been critical in shaping a resilient and responsive national emergency health framework.

Gratitude is also extended to the European Commission for its generous financial and policy support, which enabled the translation of Nepal's EMT vision into reality. Their contribution has not only strengthened institutional capacities but also laid the groundwork for Nepal's leadership role at the regional level through the South-East Asia EMT Working Group.

This journey - from a response-dependent system to a nationally led, regionally recognized EMT model - would not have been possible without the steadfast collaboration and commitment of these key partners.

Conclusion

From a disaster-stricken nation in 2015 to a regional EMT leader by 2025, Nepal's EMT journey is one of transformation and resilience. Under the stewardship of the Ministry of Health and Population, guided by HEOC, and supported by WHO, Nepal is now positioned to contribute both regionally and globally in the EMT movement.

As Co-Chair of the SEAR EMT Working Group, Nepal reaffirms its commitment to EMT 2030 goals–ensuring that no life is lost due to delays in accessing emergency health care.

(Dr Budhathoky also serves as the Spokesperson, Ministry of Health and Population (MoHP), Chief of Health Emergency Operation Center (HEOC)

EMTs in Nepal

Composition of Mass Casualty Management EMT

Mass Casualty Management (MCM)	Nos.
General Practitioner and Emergency Physician (MD-GP/EM)	1
General Surgeon*- (MS General Surgery)	1
Orthopedic Surgeon*(MS-Orthopedic)	1
Anesthesiologist* (MD-Anesthesiology)	1
Medical Officer (MBBS)	2
Paramedics (HA/AHW)	3
Nursing Staffs (ER and OT experienced)	2
Attendant	2
Laboratory Personnel (LA/LT)	1

* To be deployed as per need.

Infectious Disease Management (IDM) Team

Infectious Disease Management (IDM)	Nos.
General Practitioner and Emergency Physician (MD-GP/EM)	1
General Physician (MD-Internal medicine)	1
Anesthesiologist* (MD-Anesthesiology)	1
Medical Officer (MBBS)	2
FETP Graduate Health Worker	1
Nursing staff (SN/ANM; IPC Experienced)	3
Paramedics (HA/AHW)	2
Attendant	2
Laboratory Personnel (LA/LT)	1

* To be deployed as per need

Strengthening Emergency Health System through training

Yeshoda Aryal
Director, NHTC

National Health Training Centre (NHTC) under Ministry of Health and Population (MoHP) is responsible for coordination and management of health trainings related activities at federal level. NHTC in coordination with Health Training Centers at Provincial Level conducts training dedicated for enhancing the competency of health care providers to deliver quality health services ranging from Preventive, Promotive, Curative, Rehabilitative up to Palliative care services. Clinical trainings are conducted at 66 accredited clinical training sites all over the country. Per year around 14000 health workers are trained through National Health Training System network of Center and Province including preservice, induction and in-service trainings. The objective of the National Health Training Center (NHTC) is to standardize Learning Resource Packages (LRPs), develop and update training materials, organize and implement in-service trainings that address national needs while enhancing the competency of service providers to improve quality of care. NHTC also aims to ensure the quality of training activities through adherence to national standards and by strengthening the capacity of training sites. Additionally, it seeks to adopt and promote innovative training approaches and to reinforce mechanisms and capacity for effective blended approach, online based trainings, post-training follow-up, support, and ongoing professional development.

As per the constitutional mandate of right of citizen of not being deprived of Emergency health services, Based on Public Health Service Act 2075 provision of quality emergency health services ranging from prehospital, hospital, posthospital and community with continuum of care, Trained and competent human resource is essential to provide quality emergency health service to save life and prevent disability. A competent, motivated healthy workforce forms the core of a high quality, effective and efficient health system. A well-functioning emergency health system consists of an integrated continuum of care that spans the prehospital, hospital and post-hospital phases. Each of these components plays a vital role in ensuring timely, effective, and life-saving care during emergencies. Firstly, enhancing pre-hospital care is essential. This involves developing efficient ambulance services, equipping communities with basic first-aid skills, and improving coordination between first responders and healthcare facilities. Similarly, it is crucial to establish a robust network of well-equipped emergency departments staffed with trained medical professionals. This network should provide tiered levels of care–ranging from basic stabilization units to advanced trauma centers–tailored to the severity of each case. Likewise, promoting prevention and public education is key to minimizing the demand for emergency care. This involves increasing awareness of risk factors for illness and injury, encouraging healthy lifestyle choices, and ensuring access to affordable primary healthcare services.

Training related to Emergency Health Services

National Health Training Center and Provincial Health training center is currently conducting following trainings in field of emergency health services.

Basic Life Support (BLS) is a one-day, simulation based, handon competency based course designed for all health workers and also to the general public to learn essential life-saving techniques such as CPR and emergency response. This primary training is expected to increase the access of all health workers as well as public since its recognition as life saving intervention.

Prehospital Ambulance Driver Training Based on the National Ambulance Service Guideline of MOHP 2078 Ambulance Driver training is one of the most important training ensuring quality prehospital care services. The three days training is targeted to ambulance drivers >25yrs with driving license consists of achieving critical skill of life saving, BLS, appropriate patient transfer, IPC, Traffic rules, regulation and well-functioning, coordination and deployment by 102.

Basic Emergency Medical Technician (BEMT) is a 30 days inperson and 30 days on the job model comprehensive 60-day program for health assistants and staff nurses working in emergency departments are expected to provide critical emergency medical care at ambulance during patient transfer. They are expected to coordinate with ambulance drivers and well deployed by dispatch centers.

Primary Emergency Care (PEC) is a competency based six days training course is targeted to health assistants, staff nurses, and medical officers involved in emergency services at primary health centers and hospitals. Training involves the modules of BLS, PTC, Orthopedic emergency, Mass Casualty Incident management, Medical emergencies.

Hospital Preparedness for Emergency (HOPE) HOPE is one of the PEER course adapted from USAID/ADPC by Government of Nepal in our context. It is a four-days compact, team-based, in-person training for hospital managers, administrators, technical staffs, administrative staff to improve hospital readiness for disaster response. It consists of simulation drills as well to sensitize the importance of readiness and response effectively during disaster with effective activation of Incident Command System.

HOPE Training for Instructors (HOPE TFI) is a five-day facilitation skill course for HOPE graduates as a pathway of trainer, instructor, coordinator and monitor of the HOPE training.

Basic Critical Care Training for Nurses (BCCTN) is a 35-days intensive training conducted in accredited clinical training site based course for nurses working in ICUs to enhance their critical care skills.

Essential Critical Care Training (ECCT) is a six-days site based training program for health assistants, nurses and medical officers working in critical care units to improve essential critical care competencies.

Pediatric Essential Critical Care Training (PECCT) is a four-days training aiming to address the competency requirement for delivering essential critical care services focused on children.

Primary Burn Care and Management (PBCM) is a six days site based training targeting health assistants, nurses, and medical officers in primary care to enhance the competency on burn injury management.

Field Epidemiology Training Program (FETP) - Frontline is a course adapted from US-CDC, a 12-week course with three workshop modules on for in-service health officials of Government working in with degrees working in disease surveillance system focusing on

improve competency on systematic outbreak investigation, response and surveillance capacity.

Basic Emergency Care (BEC) Piloting Training is a five days training targeting the emergency care providers primarily working in basic, primary hospitals emergency units/departments focusing on systematic approach on ABCDE and SAMPLE history approach, trauma, difficulty in breathing, shock, altered mental status with standard Emergency Care Toolkit.

Community First Health Responder (CFHR) Piloting Training is a newly developed three-days course to ensure strengthening pre-hospital emergency capacity of community members, volunteers, as well as other formal sector employees to provide basic first aid and emergency response, appropriate transfer and referral for saving life.

Minimum Initial Service Package (MISP) for RH Emergencies is a four-days training for healthcare providers and managers on delivering reproductive health services during emergencies focusing on the knowledge and skills on ensuring uninterrupted service delivery of reproductive health services during emergencies.

Basic Burn Care (BBC) is a one-day basic training for all primary-level health workers, focusing on basic burn first aid and management.

Trauma and Injury Life Support (TILS) is a newly piloted three-day course for medical doctors working in emergency settings to develop trauma care and life support skills.

Primary Trauma Care / Basic Life Support (PTC/BLS) is a three-day training involving both modules on BLS and PTC targeting for health workers.

Achievement on Emergency Related Trainings conducted by National Health Training System			
SN	**Name of Training**	**Total Till date**	**F/Y 2081/82 Up to Jestha**
1	Basic Life Support	1432	343
2	Ambulance Driver	1108	113
3	Basic Emergency Medical Technician	107	0
4	Primary Emergency Care	721	185
5	Hospital Preparedness for Emergency	346	79
6	Hospital Preparedness for Emergency TFI	43	0
7	Basic Critical Care Training for nurses	319	25
8	Essential Critical Care Training	1095	127
9	Pediatric Essential Critical Care Training	431	32
10	Primary Burn Care and Management	201	91
11	Field Epidemiology Training Program (FETP)	185	64
12	Basic Emergency Care (BEC) *Piloting	357	71
13	Community First Health Responder *Piloting	47	47
14	Minimum Initial Service Package MISP for RH	778	276
15	Basic Burn Care* Piloting	43	20
16	Trauma and Injury Life Support *Piloting	24	24
17	PTC/BLS Primary Trauma Care	742	98

नेपालमा अस्पतालपूर्व सेवाका चुनौतीहरू र अबको बाटो

अस्पताल पूर्व समूह
स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई

EMS को अन्तराष्ट्रिय अभ्यास

Emergency Medical Services (EMS) अर्थात् अस्पतालपूर्व सेवा पनि स्वास्थ्य सेवा प्रणालीको अभिन्न अंग हो । विश्व स्वास्थ्य संगठन र संयुक्त राष्ट्रसंघीय क्षेत्रीय आयोगहरूले "सडक सुरक्षा कार्यका लागि दशक २०२१-२०३०", जसको उद्देश्य सन् २०३० सम्ममा सडक दुर्घटनाबाट हुने मृत्यु र घाइते हुनेको संख्या कम्तिमा ५०% ले घटाउने महत्त्वाकांक्षी लक्ष्य लिएको छ।विकसित देश अमेरिकाले नागरिक-केन्द्रित "EMS Agenda 2050" ल्याएको छ (Gausche-Hill, Krung & Wright, 2021) । यस एजेन्डाले बिरामीहरू, तिनीहरूको परिवारहरू र उनीहरूले सेवा गर्ने समुदायहरूको आवश्यकताको प्राथमिकता र कल्याणलाई केन्द्रमा राखेर छवटा मार्गदर्शक: स्वाभाविक रूपमा सुरक्षित र प्रभावकारी, एकीकृत र निर्बाध, भरपर्दो र पूर्वतयारीयुक्त, सामाजिकरूपमा समानुपातिक, दिगो र प्रभावकारी, अनि अनुकूलनशील र नवप्रवर्तनशील सिद्धान्तहरू ल्याएको छ । दक्षिण कोरियाको राष्ट्रिय बारुण यन्त्रका १८ वटा विभाग अन्तर्गतको डिस्प्याच केन्द्रहरूद्वारा EMS प्रणाली सञ्चालित हुन्छ र यिनीहरूको मुख्य काम अस्पतालपूर्व सेवा, आगो नियन्त्रण र उद्वार नै हो (Park, Song & Shin, 2023) । बेलायत, अस्ट्रेलिया, क्यानाडा र युरोपमा EMS को संस्थागत विकास भएको छ । दक्षिण कोरियामा अस्पतालपूर्व सेवामा कार्यरत स्वास्थ्यकर्मीहरूले ३-४ वर्षको औपचारिक शिक्षा हासिल गरेको हुनुपर्छ । निम्न तथा मध्यम आय भएका देशहरू जस्तै घानामा २००४ बाट EMS प्रणाली सुरु भएतापनि घटनास्थलको सबैभन्दा नजिमा रहेको एम्बुलेन्स भनेको झन्डै १५० किमिको दूरीमा हुन्छ । पाकिस्तानको १६९ जिल्लाहरूमध्ये इधी फाउनडेशनले ३५ वटा जिल्लामा ७ मिनेटमा एम्बुलेन्स सेवा उपलब्ध गराएको एक अध्ययनले देखाएको छ (Plummer & Boyle, 2017) । निम्न र मध्यम आय भएका देशहरूमा EMS प्रणाली अझै पनि संस्थागत विकास हुन सकिरहेको छैन र यसका विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन् जस्तै: माग भए अनुसार सेवा दिन नसक्नु, सीमित स्रोत साधन, जीर्ण पूर्वाधार, प्रविधिको विकास र कानुनी पक्षहरू हुन् (Basnawi, 2024).

EMS प्रणाली नेपालमा

विरामी वा घाइतेलाई घटनास्थलबाट अस्पताल पुर्‍याउनु अघिको आपतकालीन उपचार, विरामीको प्राथमिक व्यवस्थापन, हेरचाह वा स्याहार अस्पतालपूर्व सेवाका कामहरू हुन।अस्पतालपूर्व सेवाको प्रभावकारिता वृद्धि गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ जारी गर्दै नीतिगत तथा संरचनात्मक सुधारको थालनी गर्यो।स्वास्थ्य संस्थाबाट मात्र एम्बुलेन्स सेवा सञ्चालन, प्रेषण केन्द्रहरूको स्थापना, १०२ टोल-फ्री नम्बरको सुरु, GPS प्रविधि जडान, एम्बुलेन्स व्यवस्थापनमा दक्ष जनशक्ति (चालक तथा स्वास्थ्यकर्मी) का लागि मान्यता प्राप्त तालिम र नागरिकको सेवामा पहुँच यस निर्देशिकाका विशेषता हुन् । साथै, विद्युतीय एम्बुलेन्स सेवाको विस्तार र Heli Emergency Medical Services (HEMS) अर्थात् हेली आपतकालीन स्वास्थ्य सेवाका लागि मापदण्ड निर्माण जस्ता पहलहरूले नेपाल सरकार, अस्पतालपूर्व सेवाको आधुनिकीकरणतर्फ उन्मुख भएको छ । हाल, प्रदेशस्तका प्रेषण केन्द्रहरू क्रमशः सञ्चालनमा आइरहेका छन्।प्रदेशमा संचालित प्रेषण केन्द्रहरूबाट प्रत्येक महिनामा झन्डै एक हजार नागरिकले एम्बुलेन्स सेवा लिइरहेका छन् । यद्यपि, एम्बुलेन्स सेवाको लागि "१०२" नम्बरको प्रचार-प्रसार तथा सेवाको गुणस्तर, पहुँच र उत्तरदायित्व वृद्धि गर्न अझै पनि आवश्यक छ।वर्तमानमा भईरहेका पहलहरूले अस्पतालपूर्व सेवा प्रणालीलाई गुणस्तरीय, उत्तरदायी र दिगो बनाउँदै लैजान सहयोग गर्ने अपेक्षा गरिएको छ ।

एउटा प्रेषण केन्द्र वा अस्पतालपूर्व सेवालाई संचालनमा ल्याउन कम्तिमा निम्न कुराहरू संचालनमा राख्न सक्नुपर्छ:

- सबै प्रेषण केन्द्रहरू सञ्चालन गरी एम्बुलेन्स प्रेषणको क्षमता सुदृढी गर्ने, एम्बुलेन्स निर्देशिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी एम्बुलेन्स सेवा सञ्चालनमा एकरूपता सुनिश्चित गर्ने र सम्बन्धित निकायहरूसँग समन्वय गरी एम्बुलेन्स सवारी सजिलै प्राप्त गर्न सुनिश्चित गर्ने ।

सबै एम्बुलेन्सहरूमा अनिवार्य जीपीएस जडान गरी एम्बुलेन्स सेवाको रिएल टाइममा अनुगमन तथा मूल्यांकन प्रणालीको अभ्यास गर्ने ।

राष्ट्रिय/प्रादेशिक स्वास्थ्य तालिम केन्द्रसँग समन्व गरी स्वास्थ्यकर्मी र एम्बुलेन्स चालकहरूको लागि आवशयक शिप र ज्ञानको तालिम आयोजना गर्ने ।

एम्बुलेन्स सेवा शुल्कलाई निष्पक्षता र पारदर्शिता गर्ने र भूगोल र जनसंख्याको आधारमा एम्बुलेन्सको संख्या तय गर्ने ।

एम्बुलेन्स सेवाको उचित प्रयोग, पहुँच अनि उपलब्धता सम्बन्धी नागरिक, समुदाय र सरोकारवालाहरू सबैले "१०२" को प्रयोग लगायतका बिषयमा अभिमुखीकरण र जनचेतना अभिवृद्धि गर्ने ।

EMS को क्षेत्रमा अझ केही नीतिगत र प्राविधिक कार्यहरूको थालनी पक्कै पनि भएको छ तैपनि यसको व्यवस्थापन र संचालन गर्दा चुनौतीहरू पनि छन्:

प्रेषण केन्द्रहरू अवरुद्ध हुँदा एम्बुलेन्स सेवा समन्वय गर्न ढिलाई भएको र आकस्मिक घटनामा समयमा एम्बुलेन्स सेवा दिन नसकिने अवस्था सिर्जना भैरहेको।

कमजोर भौगोलिक पहुँचका कारण दुर्गम तथा पहाडी क्षेत्रका कमजोर सडक संरचना र प्राकृतिक अवरोधहरूले वर्षभर एम्बुलेन्स सेवा पुर्‍याउन कठिन बनाईरहेको ।

तालिम नपाएका चालक र स्वास्थ्यकर्मीका कारण आपतकालीन सेवाको गुणस्तरमा कमि भएकोले बिरामीको जीवन जोखिम रहेको।

अधिकांश एम्बुलेन्सहरू कच्ची वा पहाडको वाटोमा चल्न नसक्ने अवस्थाका छन् यसका धेरै कारणहरूमध्ये 2WD र समयमै सर्विसिंग नहुनु पनि हो, यी एम्बुलेन्सहरू सामान्य ढुवानीका लागि मात्र उपयुक्त हुनु पनि चुनौती भएको छ ।

जीपीएस निष्क्रिय राख्ने र नवीकरण नगर्ने, प्रेषण केन्द्रसँग समन्वय नगर्ने, सेवा विवरण अभिलेख नराख्ने, र तोकिएको सेवा शुल्क लागु नगर्ने जस्ता अभ्यासहरूले अनियमितता र जवाफदेहिता कमजोर बनिरहेको छ।

अबको संस्थागत प्रणाली

तीन अंकको टोल फ्री नम्बर र एकीकृत प्रणाली

विकसित देशहरूले छिटो छरितो र प्रभावकारीरुपमा अस्पतालपूर्व सेवा प्रदान गर्नको लागि "एकीकृत प्रणाली" लाई अवलम्बन गरेको छन् । जस्तै: आगो लाग्यो वा कुनै दुर्घटना भयो, वा इमर्जेन्सी सहयोग चाहिएमा तोकिएको तीन डिजिट नम्बरमा फोन गर्यो भने घटनाको प्रकृति हेरेर उक्त प्रणालीले आपतकालीन सेवा प्रबाह हुन्छ । आपतकालीन अवस्थामा सम्झन सजिलो होस् भनेर तीन अंकको नम्बर चलाउने गरिन्छ । धेरै वटा तीन अंकका नम्बरहरू हुँदा आपतको बेलामा दोधार हुने भएकोले कुनै पनि इमर्जेन्सी सेवाको लागि "एकीकृत नम्बर" हुन्छ । विकासोन्मुख देशहरूमा "एकीकृत प्रणाली" सेवाको अभ्यास छ, जस्तै: श्रीलंकामा एम्बुलेन्स, दमकल र उद्वार सेवाको लागि ११० डायल गरे पुग्छ । नेपालको सन्दर्भमा, प्रहरी -१००, दमकल-१०१ र एम्बुलेन्स सेवा-१०२ को लागि यी तीन विभिन्न नम्बरमा डायल गर्नुपर्ने अभ्यास छ । समयमै सम्बन्धित निकायमा संचार हुन सकेमा नागरिक र धन-जनको थप क्षति हुनबाट बचाउन सकिन्छ, त्यसको लागि "एकीकृत प्रणाली" को संस्थागत विकास गर्न आवश्यक छ ।

व्यवस्थापन र संचालन

EMS भनेको २४सै घण्टा सेवा एउटा संचार प्रणाली हो । यो प्रणालीलाई संचालन गर्नको लागि जनशक्ति, योजना, भौतिक, आर्थिक र आपूर्ति व्यवस्थापनको आवश्यक पर्छ । विकसित देशहरूली EMSको ५ देखि 30 बर्षे दीर्घकालीन योजना बनाई अघि बढेका छन् । कतिपय देशहरूले EMS काउन्सिलको रुपमा संचालन गरेका छन् जसले कर्मचारीको क्षमतामा वृद्धि, नियमन, गुणस्तर सेवा, व्यवस्थापन, संचालन र कानुनी पाटो हेर्ने गर्छ । नेपालमा सन् २०१८ देखि विभिन्न गोष्ठी, कार्यशाला तथा नीतिगत छलफलहरूमा EMS को महत्वको बारेमा उठाइएको पाइन्छ । तर EMS लाई निर्वाधरुपमा संचालन गर्नको लागि यसको आफ्नै ऐन, नियमावली लगायत कानुनि व्यवस्था हुनुआवशयक छ, जसको आधारमा मन्त्रालयले नागरिक-मुखि EMS सेवाको दीर्घकालीन रणनीतिक योजना बनाउन सकोस र सरोकारवालाहरूलाई पनि नियमन गर्न सकोस । अहिले, स्वास्थ्य तथा

जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपतकालिन विपद तथा व्यवस्थापन इकाईले हेर्ने EMS लाई संरचनात्मक विकास र विस्तार गर्नुपर्ने देखिन्छ ।

प्रस्तावित:

उद्देश्य: समयमै, छिटो, छरितो, सुरक्षित र प्रमाणमा आधारित अस्पतालपूर्व सेवा प्रणालीको सुदृढीकरण गर्नु।

मिशन: अस्पतालपूर्व सेवा प्रणालीलाई संस्थागत, एकीकृत र संघीय संरचनाअनुसार बनाउने, पहुँचविहीन, विपद् सम्भावित तथा ग्रामीण क्षेत्रसम्म सेवा विस्तार गर्ने, र नीति, योजना, पूर्वाधार, जनशक्ति र तालिम प्रणालीको दीर्घकालीन विकास सुनिश्चित गर्ने।

प्रमुख कार्यक्षेत्र: राष्ट्रिय EMS नीति, मापदण्ड, निर्देशिका, नियमावली तथा प्रोटोकलहरूको निर्माण र अद्यावधिक गर्न सिफारिस गर्ने। अन्तरमन्त्रालय, प्रदेश, स्थानीय सरकार र निजी क्षेत्रलगायत सरोकारवाला निकायहरूसँग समन्वय गर्दै EMS प्रणालीलाई एकीकृत ढंगले सञ्चालन गर्ने।AEMT, HEMS-EMT, Air-EMT, Paramedics, Dispatcher लगायतका लागि तालिम, प्रमाणीकरण, नवीकरण प्रणाली निर्माण गर्दै भौगोलिक तथा जनसङ्ख्या आधारमा दक्ष जनशक्ति उत्पादन गर्ने।डिजिटल प्लेटफर्म (जस्तै मोबाईल एप) मा आधारित एम्बुलेन्स डिस्प्याच प्रणाली, जीपीएस ट्र्याकिङ, डेटा संकलन, विश्लेषण र गुणस्तर अनुगमन प्रणाली विकास गर्ने।नागरिक स्तरमा EMS को महत्व र सेवा सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने।विद्यालय, विश्वविद्यालय, मेडिकल कलेजहरू र तालिम संस्थाहरूमा EMS सम्बन्धी पाठ्यक्रम विकासमा प्राविधिक सहयोग प्रदान गर्ने।

साझेदार निकायहरू: वर्तमान अवस्थामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय (प्रहरी, ट्राफिक, आपतकालीन व्यवस्थापन), रक्षा मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापन प्राधिकरण, सडक सुरक्षा परिषद, नेपाल रेडक्रस सोसाइटी, निजी एम्बुलेन्स सेवा प्रदायक, स्थानीय तह, विश्व स्वास्थ्य संगठन, गैरसरकारी राष्ट्रिय र अन्तराष्ट्रिय संघसंस्थाहरू साझेदार छन् ।

दीर्घकालीन रणनीति अन्तर्गत EMS को संरचनात्मक विकासले नेपालमा अस्पतालपूर्व सेवा प्रणालीलाई समग्र रूपमा रूपान्तरण गर्नेछ, नागरिकले पाउनुपर्ने आकस्मिक सेवा छिटो छरितो र प्रभावकारीरुपमा प्राप्त गर्ने छन् र आधुनिक प्रणालीमा रूपान्तरण गर्दै नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित हुनेछ।

सन्दर्भ सामाग्रीहरू:

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०८१). भन्सार महसुल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन. नेपाल सरकार

स्वास्थ्य आपतकालीन तथा विपद इकाई (२०२१). राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल सरकार ।

गोरखापत्र (२०७९). नेता भण्डारीलाई एयर एम्बुलेन्समार्फत मुम्बई लगियो । https://gorkhapatraonline.com/news/54627

राष्ट्रिय प्रेषण केन्द्र (२०८२). अस्पतालपूर्व सेवाको तथ्यांक, स्वास्थ्य आपतकालीन तथा विपद इकाई (२०२१). राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल सरकार ।

Basnawi, A. (2024). Addressing Challenges in EMS Department Operations: A Comprehensive Analysis of Key Issues and Solution. Emergency Care and Medicine, 1(1), 11-23. https://doi.org/10.3390/ecm1010003

Gausche-Hill, M., Krug, S., & Wright, J. (2021). Emergency medical services (EMS) 2050: a vision for the future of pediatric prehospital care. Prehospital Emergency Care, 25(1), 91-94.

